साप्ताहिक
# गोरखा एक्सप्रेस
गोरखा एक्सप्रेस अनलाइनमा
www.nepaltoday.com.np
GORKHA EXPRESS NATIONAL WEEKLY
माटोवादीहरुको साझा पत्रिका
वर्ष ४३ अंक ३४ २०८१ चैत १९ गते मंगलबार (Apr. 1, 2025) मूल्य रू. १०/-

## राजनीतिमा गुरूमापाको त्रासदी




*घरघरका बालबालिका हराउन थालेपछि समुदायले गुरूमापालाई हटाउने जुक्ति निकाल्छन् । वर्ष वर्ष दिनमा गुरूमापालाई मासुभात खुवाउने बाचा गरेर टुँडिखेलको एक कुनामा बस्न राजी गराउँछन् । फागुको दिन नेवार समुदायले टुँडिखेलको पूर्वी दक्षिण कुनामा गुरूमापालाई भोज खुवाउने चलन छ । त्यसपछि कसैका पनि बालबालिका हराउन छाडेका थिए भनिन्छ । (राजनीति गुरूमापा त होइन ?)*

## नेतृत्वमा ऋषि जगमान गुरूङ

राजतन्त्र पुनर्स्थापनाका लागि संयुक्त जनआन्दोलन समितिका संयोजक नवराज सुवेदी नजरबन्दमा परेपछि राजतन्त्रवादी आन्दोलनको नेतृत्व संस्कृतिविद् जगमान गुरूङले गर्न थालेका छन् । नवराज सुवेदीले राजतन्त्रवादको आन्दोलन निरन्तर जारी राख्न आह्वान पनि गरेका छन् । यसैवीच नेतृत्व सम्हालेका नेपाल ऋषि जगमान गुरूङले भनेका छन्- नेपालीको चेत खुलेको खण्डमा राजतन्त्र फर्किन सक्छ । तन्त्र मन्त्रका जगमान गुरूङका अनुसार आन्दोलनमा धेरैथोकको सहभागिता हुने भनेका छन् ।




## सरकारलाई उपकूलपतिको झट्का

आफूमाथि प्रधानमन्त्रीले हुने नहुने विषयमा दबाब दिएकाले दबाब थाम्न सकिने भन्दै उपकुलपति डा.केशरजंग बरालले पदबाट राजीनामा दिएका छन् । उनलाई यसअघिको माओवादी नेतृत्वको सरकारले सो पदमा नियुक्त गरेको थियो ।

बरालको स्वास्थ्यका कारण देखाएर दिएको राजीनामाले सरकार अप्ठेरोमा परेको छ, राजनीतिमा तरङ्ग उत्पन्न भएको छ । भित्री कुरो दबाब नै हो ।

४ वर्षका लागि नियुक्त भएका उपकूलपति बरालले १३ महिनामै किन पद त्याग गरे, राजीनामा स्वीकृत भएपछि पत्रकार सम्मेलन गर्ने भएका छन् । भनिन्छ, आंशिक र करारका प्राध्यापकलाई स्थायी गर्नुपर्ने प्रम ओलीले दबाब दिएका थिए ।

आंशिक र करारका अध्यापकहरू आन्दोलनमा छन् । तिनलाई स्थायी गराउन पर्ने माग छ । उपकूलपति आन्दोलनकारी र प्रधानमन्त्रीको चेपुवामा परेपछि उनले राजीनामा दिएर पन्छनु नै उचित हुने ठानेको हुनसक्छ । स्मरणीय छ, सर्वोच्च अदालतले आंशिक र करारका लागि आन्तरिक विधिबाट स्थायी नगर्न फैसला दिइसकेको अवस्था छ । ४ सय प्राध्यापक, ५ सय कर्मचारी र १ सय ६२ चालकलाई स्थायी गर्दा आफै फसिने भएपछि उपकूलपतिले पद त्याग गरेका हुन् ।

बुझ्नुपर्ने कुरा के पनि छ भने उपकूलपतिले माओवादी अध्यक्ष प्रचण्डसँग भेटवार्ता गरेपछि यो राजीनामा बुझाएका हुन् । प्रचण्डले माओवादीको भातृसंस्था नेपाल राष्ट्रिय प्राध्यापक संगठनको कार्यक्रममा यो खुलासा गरेका थिए ।

२०६४ सालमा १३ सय ८० जना प्राध्यापकले रत्नपार्कमा अनसन बसेरै दबाब सिर्जना गरेर आंशिकबाट करारमा उक्लिएका थिए । पछि ९ सय स्थायी भए । पुनः राजनीतिक नियुक्तीमा आंशिक र करारमा थपिदै गए । तिनीहरूको आन्दोलन करारबाट आन्तरिक रूपमै स्थायी हुनुपर्ने हो । जुन कुरा अदालतले रोकेको छ ।

# किन हारे देश र जनताले ?

गणतान्त्रिक लोकतन्त्र आयो, यो तन्त्रप्रति, तन्त्रका सञ्चालकप्रति लोकको विश्वास रहेन । यो पद्धति जनजीवन बन्नैसकेन । जनताले अपनत्व ग्रहण नै गरेनन् । यहीकारण जनअसन्तोष बढ्दै गएको छ ।

बढ्दो जनअसन्तोष राज्यसञ्जालभरि छरपस्ट देखिन्छ । संसद र सरकारमा देखिन्छ । सडकमै छताछुल्ल पोखिन थालेको छ । अब त रक्तपात रोकिएला, शान्ति र समृद्धि, सुशासन र न्यायको अनुभूति गर्न पाइएला भन्ने लोकको अपेक्षामाथि राजनीतिक दल र नेताहरू घात गरे, राजनीति अपराधिकरणतिर उन्मुख हुँदा सुशासन कौवालाई बेल पाकेसरह भयो । यसकारण गणतन्त्रमा देश र जनताले हारे । जब जनतामा घृणाभाव फैलिन्छ, अराजकता बढ्छ, हिंसाले टाउको उठाउँछ । मूल्य देश र जनताले चुकाउनुपर्छ । जस्तोसुकै आन्दोलनमा पनि नेतृत्वलाई नोक्सानी नहुने, छटपटीमा देश र लोक हुने ।

यतिबेला देशैभरिका सडकदेखि संसदसम्म, पार्टीदेखि नागरिकसम्म बहस चलिरहेको छ । असन्तोष, विभेद, निषेध, पूर्वाग्रह बढेर गएको छ । यस्तो वातावरण भनेको फेरि पनि देश र जनताले हार्ने अवस्था हो । देश र जनता हार्दै छन् ।

कुनै पनि पद्धतिको जीत भनेको जनताको सन्तुष्टि र अपनत्व हो । गणतन्त्रमा देश र जनताले जित्नुपर्ने हो । जनयुद्ध, जनआन्दोलनबाट परिवर्तन भयो, तर जनताले निराशा भोग्नुपर्‍यो । राजनीतिक मुद्दाको किनारा लाग्यो भनियो, संक्रमणकालीन न्याय सम्पादन हुनसकेन, त्यसमाथि द्वन्द्व झन बढेर गएको छ । फेरि रक्तपातको श्रृङ्खला सुरू भएको छ । नागरिक र पत्रकारसमेत असुरक्षित भएका छन् ।

गणतन्त्र नैतिकता र सिद्धान्तमा चल्ने वेष्ट मिनिष्टर पद्धति हो । नेपालमायो पद्धति हाँक्ने पार्टीका नेताहरूमा न नैतिक धरातल बलियो देखियो, न सिद्धान्तको धरातल । भ्रष्टाचारमा नडामिएका कुनै पनि नेता नहुनु र नेताकै भाषामा यिनलाई जनताले 'चोर आयो' भन्ने स्थिति आउनु भनेको हरेक नेताको हार हो । यही हारमा देश र जनताले पनि हारे ।

राँके जुलुस, आन्दोलन, नाराबाजी देशैभरि फैलिएको छ । एकले अर्कोलाई बदनाम गर्ने साजिसमा घूसपैठ गराउँदा हिंसा बढेको छ । हिंसा जसले गरे वा गराए पनि त्यो गलत हो । सरकारले फेरि पनि राजनीतिक भेदभाव गरेर जुन गणतन्त्रवादी नामको बैठक गरेर चूपचाप बसेका राजालाई दोषी देखाउने काम गरेको छ, यो फैलदो जनअसन्तोषको, बढ्दो हिंसाको ओखती हुँदैहोइन । बुद्धिजीवीहरू भन्छन्- यो समय आरोप प्रत्योरोप गर्ने होइन, असन्तुष्टहरूसँग संवादको थालनी र जनअसन्तुष्टीको संवोधन गर्ने कार्य गर्नुपर्छ । नागरिकले संविधान संशोधन र असन्तुष्टिको समाधान कसरी चाहेका छन्, त्यसको डाइग्नोसि हुनेछ र रोग निको पार्न सकिनेछ । देश र जनताको आरोप छ, यो गणतन्त्रले देश र जनता खुशी छैनन्, केही काम गर्न सकेन । झ्वाट्ट हेर्दैमा देखिन्छ, नेतृत्व समृद्ध भए, भ्रष्टाचार बढ्यो, लोक पीडित छन् ।

संवादबाट थाहा हुनेछ, लोकको अपेक्षा के के हुन् ? लोकलाई यो नेतृत्वबाट केके चित्त बुझेन ? देशमा विदेशी हस्तक्षेप बढ्दो छ, देश भूराजनीतिको गोलचक्करमा फसिसक्यो । स्वार्थशिद्ध गर्न गम्भीर प्रकृति र प्रवृत्तिका सन्धि सम्झौता भएका छन् । योग्यले अवसर नपाउने र नातावाद अथवा लेनदेनमा जस्तोसुकै निर्णय भइरहेका देखिन्छन् । मुख्य सवाल जनताले अन्याय अनुभव गरेका छन् । यसरी चल्दैन, यही चालले बिबाद टुङ्गिदैन ।

संवाद गरौं, निकास निकालौं । जनमत र जनबलको अपमान नहुने प्रत्याभूति हुनैपर्छ । देश र जनताप्रति जवाफदेही हुने प्रतिबद्धताका साथअघि बढे संविधानमा आवश्यक सुधार सहित निकास निस्कने पक्का छ ।

# बाहिर आन्दोलन, राजधानीमा राँके जुलुस

अदालतले ५ दिन थुनामा राख्न आदेश दिएपछि आजसम्मका लागि राप्रपाका सांसद धवलशमशेर र उपाध्यक्ष रवीन्द्र मिश्र थुनामा छन् । यी दुवैको रिहाईको माग गर्दै राप्रपाले राजधानीमा राँके जुलुस र राजधानीबाहिर वीरगञ्ज, जनकपुर, बुटवल, भैरहवालगायतका क्षेत्रमा जुलुस निकालेको छ ।

सरकारले यी दुबैलाई राज्यविरूद्धको कसुरमा मुद्दा चलाउने तैयारी थालेको बताइन्छ । राप्रपाका उपाध्यक्ष मिश्र र महामन्त्री तथा सांसद धवलशमशेरलाई रिहाईको माग गर्दै राप्रपाले कार्यकर्ता परिचालन गरेर आन्दोलन चर्काएको छ । संसदमै अध्यक्ष लिङ्देनले छाती ठोकेर म राजतन्त्रवादी भन्दै राजालाई थुनेर देखाउन चुनौति दिएका छन् । कमल थापाले पनि राजतन्त्रको वकालत गरेका छन् । ३१ लाई उपद्रव गरेको र मिश्र र राणा सहितका ११ जनालाई राज्यविरूद्धको कसुरमा अनुसन्धान गरिरहेको प्रहरीको दावी छ ।

सांसद धवल शमशेरले थुनाबाटै भनेका छन्- आन्दोलनको गन्तव्य नजिक छ, सबैलाई भन्दिनु भन्ने सन्देश दिएका छन् । उनकै भाषामा- 'नआत्तिनुस्




गन्तव्य नजिक छ, म ठीक छु, सबैलाई भन्दिनु' भन्दै सांसद धवलशमशेर राणाले काठमाडौं जिल्ला अदालत परिसरबाटै राप्रपा तथा सहयोगी सबैलाई उत्साहित पार्नेखालको अभिव्यक्ति प्रचारप्रसार गरेका छन् ।

## राजनीतिमा कला देखिएन





भीड जम्मा गर्ने, पार्टीमा आफ्नोपक्ष मजबुत पार्ने र सत्तामा पुगेपछि मनलागी गर्ने कार्य राजनीति होइन । राजनीतिमा पनि कला चाहिन्छ । जनयुद्ध, जनआन्दोलन सफल भयो, परिवर्तन भयो, परिवर्तन थाम्ने कला नदेखिदा राज्यसञ्जाल र सडक सबैतिर असन्तोषमात्र छ ।

जनअसन्तोष बढ्नु भनेको राजनीति कलाहीन हुनु हो ।

ठिमीले दाई आफ्नो जीवनयापन गर्न माटोका भाँडा बनाउँदै छन् । उनी र उनको पुस्ता यस्तै गरेर माटोलाई जीवन बनाइरहेका छन् । जीवनलाई माटोमा सिर्जना गरिरहेका छन् । यो कला विश्व पर्यटनका लागि सबैभन्दा आकर्षक विधा पनि बनेको छ । विश्वमै कुनै मुलुकमा यसरी माटोमा हाते कला हेर्न पाइन्न । यो बिधा परम्परागत चमत्कारी कला पनि हो । राजनीतिले विधि सिक्नुपर्ने विषय पनि हो ।

राजनीतिलाई जीवन बनाउनेहरूले आफ्नै जीवन सपारे, सम्पन्न बनाए । परिवर्तनको लाभ आफैले लिए, आफन्त र परिवारजनमा दिलाए । परिवर्तनका लागि जीवन होम्ने, जवानी त्याग गर्नेहरूले के पाए ? आजको यक्ष प्रश्न यही हो ।

जवाफ नेतृत्वले खोज्नुपर्छ । जुनसुकै विषयमा पनि राजनीति गर्ने, राजनीतिलाई अपराधिकरणको विषालु घोल बनाउने र सत्ता, शक्ति तथा सम्पत्तिका लागि राजनीतिक कलालाई बिद्रुप बनाउनेहरूले बहुदलको ३५ वर्ष र लोकतन्त्रको १७ वर्षमा स्वार्थी लत त्यागेनन् । राजनीति जनता र देशको अस्तित्व चम्काउने, पुरूषार्थलाई स्थापित गर्ने कलाकारिता हुनुपर्थ्यो, ठिमीले दाजुको जति पनि राजनीतिक कलाकारिता देख्न, भोग्न र हेर्न पाइएन भन्ने गुनासो लोकमा छ ।

## नेपाल भूराजनीति चक्रब्यूहमा फस्यो



केशर बहादुर भण्डारी- सुरक्षा मामिलाका ज्ञाता मानिन्छन् । उनले सरकारले बाटो बिराएको, नेतृत्व दिग्भ्रमित भएको लागेमा बेला बेलामा झक्झक्याउने काम गर्छन् । भण्डारीले फेरि एकपल्ट सबैले सुन्नेगरी भनेका छन्- नेपाललाई शक्तिराष्ट्रहरूको भूराजनीतिको मैदान नबनाऔं ।

समाचारअनुसार अवकाशप्राप्त सहायक रथी डा. केशरबहादुर भण्डारीले राष्ट्रिय सुरक्षा नीति र चुनौतीसम्बन्धी पुस्तक तयार पारेका छन् । भण्डारीले आफ्नो 'National Security and the state A focus on Nepal' नामक पुस्तकमा राष्ट्रिय सुरक्षा नीति र यसका चुनौतीको बिषयबस्तुलाई केन्द्रमा राखेर लेखेका छन् । यो पुस्तक सत्तामा रहेका, जान चाहने र नागरिक समाजका लागि साह्रै उपयोगी छ ।

केहीसमय अघि सञ्चारमा आएको लेखक डा.भण्डारीका विचार यस्ता छन्-

नेपाल र भारतबीचको हालको सीमानालाई खुला भनिए पनि त्यो अनियन्त्रित सीमाना हो । अनियन्त्रित सीमाको कारण असुरक्षा बढेको छ । सीमा, राष्ट्रिय सुरक्षाको नीति एउटा सानो अंश मात्रै हो । राष्ट्रिय सुरक्षा नीति भनेको बृहत् सुरक्षा नीति हो । राष्ट्रिय सुरक्षासँग अर्थ, कूटनीति, राजनीति, जनसंख्या, हक, हित, अस्तित्व, स्वार्थ, चासो जोडिएको हुन्छ । सुरक्षा सबैभन्दा महत्वपूर्ण मानिन्छ ।

शक्ति राष्ट्रले आफ्नो प्रभाव देखाउन खोज्नु प्राकृतिक नियम नै हो । सम्पन्न राष्ट्रले कमजोरलाई प्रभावमा पार्न खोज्नु पनि सामान्य नै हो । बलिया देशहरूले विश्वलाई नै प्रभावमा पार्न खोज्छन् । यस्तोमा सानो राष्ट्र कसरी जोगिने ? त्यो सानो राष्ट्रको चुनौती हो । राज्य व्यवस्था सञ्चालनको क्षमता भनेको पनि यसलाई मिलाउन जान्नु हो । यस्तोमा जोगिँदाखेरि कुनै छिमेकीको पनि पक्ष-विपक्षमा उभिन मिल्दैन । नेपालले चीन र भारत दुवै राष्ट्रसँग सन्तुलित सम्बन्ध बनाउन सक्नुपर्छ । सन्तुलन राज्यले मिलाउनु पर्छ ।


नेपालले भारत, चीन, अमेरिकालगायत राष्ट्रसँग प्रष्टसँग आफ्ना मुलुकका बिषयबस्तु भन्न नसक्नु हाम्रै कमजोरी हो । नेपाललाई अनुकूल हुने गरी, राष्ट्रिय चासोका विषयअनुसार नेपालले कुरै गर्न सक्दैन । सरकार सञ्चालन गरिरहेको राजनीतिक दलले सत्ता टिकाउन जे पनि सम्झौता र सहमति गर्दै आएका छन् । यसले ठूलो राष्ट्रिय घात भइरहेको छ । राष्ट्रको नेतृत्वकर्ताले विज्ञ राखेर छलफल गर्ने संस्कारको विकास हुन सकेन । नेताहरूले मनपरि सम्झौता र सहमति गरेका छन् । राष्ट्रिय सुरक्षा नीतिको ठूलो सुरक्षा भनेको राजनीतिक सुरक्षा हो । राजनीतिक संस्कार सुध्रनु जरूरी छ । राजनीतिक सुरक्षा भनेको संविधान हो ।

संविधानपछि मुलुकको दोस्रो महत्वपूर्ण राष्ट्रिय दस्तावेज भनेको राष्ट्रिय नीति हो । यसको निर्माण र कार्यन्वयनमा दलहरू चुकेका छन् । राजनीतिमा एक जना व्यक्तिको स्वार्थको लागि राष्ट्रिय सुरक्षा नै गायब गर्ने काम भइरहेको छ । चीन, भारत र अमेरिकालाई हामीले नेपालमा खेल्न दिनु हुँदैन । सुरक्षाको विषय उठ्नेबित्तिकै सेनाको मात्रै जिम्मेवारी जसरी हेरिन्छ । यो सत्य होइन । सेनाको भूमिका १५ देखि २० प्रतिशतसम्म मात्रै हुन्छ ।

राष्ट्रिय सुरक्षा नीतिका अन्य चिजहरू ८० प्रतिशत त अन्य चिजहरू पर्छन् । राष्ट्रिय सुरक्षा नीतिले नसमेट्ने कुनै विषय छैन । थाहा नभएर हुन सक्छ, सेना र पुलिसलाई मात्रै राष्ट्रिय सुरक्षाको जिम्मेवारी भएकोजस्तो गरिन्छ । नेपालमा सेना परिचालन गर्न भारतले रोकेको दाबी भारतले नै गरेको थियो । नेपालमा सेना परिचालन गरेर नेपालीलाई मार्ने भन्ने इच्छा राजाको पनि थिएन, जनताको पनि थिएन । राजाले पनि परिचालन गर्न खोजेका थिएनन् भने सेना पनि परिचालित हुन खोजेका थिएन । सेनाले चाहेको भए राजा पनि जाँदैनथे ।

# तत्वमसि : उत्कृष्ट उपन्यास

*रामचन्द्र सुवेदी*
*सह-प्राध्यापक, वाल्मीकि विद्यापीठ, नेपाल संस्कृत विश्वविद्यालय*




नेपाली साहित्यको आख्यान विधामा हालै प्रकाशित उपन्यासकार जुक्तिजंग लामिछानेको "तत्वमसि" उपन्यास सर्रसर्ती हेर्दा सो उपन्यास सुन्दर शैलीमा वर्णित सामाजिक पृष्ठभूमीमा आध्यात्मिक तत्वज्ञान गराउन सफल रचनाको रूपमा रहेको कुरा संक्षिप्त विश्लेषण गरेको छु।

उपन्यासको गहन अध्ययन गर्दा उपन्यास सबैको लागि ज्ञान वर्धक र रोचक रूपमा रहेको प्रमाणित हुनेछ।

उपन्यासको प्रारम्भ

तिलाहार-६,पर्वतमा २००४ सालमा जन्मिनु भएका बुवा रत्नबहादुर लामिछाने तथा माता लीलादेवी लामिछानेका सुपुत्र जुक्तिजङ्ग लामिछाने मूलतः वरिष्ठ अधिवक्ता हुनुहुन्छ। तापनि विद्यालय, महाविद्यालयमा शिक्षण गरेको अनुभव पनि उहाँमा रहेको छ। धर्म, दर्शन, कानुनसम्बद्ध ग्रन्थहरू सम्पादन गरेका, "न्याय समन्याय र सद्विवेकु नामक कानुन सम्बद्ध पुस्तक र "उषाका लालिमा" नामक कविता सङ्ग्रह पनि पाठक समक्ष प्रस्तुत गर्नुभएका लामिछाने यसपटक **तत्वमसि** जस्तो रहस्यात्मक विषयलाई औपन्यासिक तत्वहरूको प्रयोगगर्दै दर्शनोन्मुख सामाजिक उपन्यासकासाथ अघि बढ्नुभएको छ। बाल्यकालमा नै वैदिक धार्मिक कृत्यहरूको र पछि गएर विभिन्न आध्यात्मिक गुरूहरूको संगतले अध्यात्मज्ञानको गहिरो छाप परेका लामिछानेमा क्षितीश चन्द्र चकवर्तीबाट अद्वैत वेदान्त, स्वामी सच्चिदानन्द बिशुद्धदेवबाट सेवाभाव र ध्यानको, त्यसैगरी अन्य वैदिक गुरूहरूको सङ्गतको प्रभाव लामिछानेमा देखिन्छ। यसै कारण यो उपन्यास सामाजिक विषयबाट उठान भए पनि साँस्कृतिक, धार्मिक, शैक्षिक, राजनैतिक विषयहरूलाई सिंहावलोकन गर्दै मूलतः आध्यात्मिक चेतनाको उत्कर्षमा पुगी सम्पन्न भएको छ।

उपन्यासगत मुख्य विषयहरू:-

पच्चीस अध्यायमा विभक्त यो उपन्यासमा विषयवस्तुको विविधता पाइन्छ। आफ्नो परम्परा, धार्मिक साँस्कृतिक, शैक्षिक र सामाजिक मर्यादाका मूल्यमान्यतालाई अङ्गीकार गर्दै अन्त्यमा आध्यात्मिक चेतसहित मानवले इहलीला पूरा गर्नुपर्छ भन्ने भाव धाराका साथ यो उपन्यास आएको छ।

नेपालको मध्य पहाडी लहरी गाउँको प्रसङ्गबाट उपन्यासको कथावस्तु अगाडि बढेको छ। भास्कर र लालीमाया नामका दुई पात्र शुरूदेखि अन्तिमसम्म रहेका छन्। मुख्य सहायक पात्रको रूपमा लीला आमा, जो भास्करकी आमा रहेकी छन्। शुरूको अध्यायमा सामाजिक परिवेश उठान भएको छ। त्यसभित्र संस्कार र संस्कृतिको रूपमा रहेको स्वस्थानी कथा सुन्ने-सुनाउने परम्परा र त्यसमा भएको बेमेल विवाहको समेत धार्मिकरूपमा जवाफ दिने प्रयास भएको छ।

भास्कर र लालीमायाबीच बढ्दै गएको प्रेमलाई नल-दमयन्ती र मुनामदनले गरेजस्तो मानिएको छ। यहाँ लोक गीतका माध्यमबाट आत्मीय प्रेमको भावना अभिव्यक्त भएको छ।

सुरे दमै, सेते दमै, झुम्की जस्ता बालिघरे प्रथामा बाँचेका दयनीय पात्रहरूदेखि लालीमायाकी आमा सेती घर्तिनी र चन्द्रवीरजस्ता सहायक पात्रहरूको समेत चर्चा भएको छ।

उपन्यासको परिवेशलाई उजागर गर्ने प्रसङ्गमा वन, जङ्गल, पाखापखेराको दृष्य उतार्ने प्रयास भएको छ। न्याउली न्याउल-न्याउल गर्ने र झ्याउँकिरी झ्याउँ-झ्याउँ गर्ने प्राकृतिक वातावरणलाई प्रत्यक्ष उतार्ने प्रयत्न उपन्यासकारले गरेका छन्।

प्रत्येक दिन नित्य कर्मका रूपमा सन्ध्यावन्दन, कुलपितृका लागि दीप प्रज्वलन गर्ने पाञ्चायन पूजा गर्ने धार्मिक कृत्यहरूको वर्णन गरिएको छ।

हिमाल, खोला नाला, थुम्का, भञ्ज्याङ, ठूलाठूला ढुङ्गा, खेत खलियान, चउरहरू र मोदी, रती, हर्पन आदि खोलाहरूको वर्णन, विन्ध्यावासिनीदेवीको ऐतिहासिक महत्व समेत यसै अध्यायमा प्रस्तुत भएको छ। त्यसबेला यातायातको साधनको रूपमा खच्चड र घोडाको प्रयोग हुने विषय र तिब्बतीयन शरणार्थीको बारेमा पनि उपन्यास बोलेको छ। कतै तामाङ्गी गुरूङ्ग गाउँहरूको एवं अरू गाउँसमेतको वर्णन भएको छ।

क्षत्रीहरूको घर सहयोगीका रूपमा रहने घर्तीहरूको जीवन पद्धति र घर्तीथर कसरी जन्मिएको हो भन्ने सन्दर्भ पनि उपन्यासमा उठेको छ। बाजागाजा बजाई ठूलो हर्ष बढाईंसाथ खेत रोप्ने र दाइँ गर्ने नेपालको संस्कृतिलाई उपन्यासले उजागर गरेको छ।

विशेष अध्ययनका लागि घर छोडी ठूला शहरमा जानुपर्ने विषय साथै गन्धर्व जातिको कथा व्यथालाई उनीहरूले सङ्गीत र गीतका माध्यमले व्यक्त गरेका छन्। अर्कोतिर नेपाली समाजमा राम र रामायणको महत्व, त्यसमा भएका आदर्शलाई हामीले जीवनमा उतार्न कसरी सकिन्छ भन्ने चिन्तन समेत आएको छ। यसमा महिला हकहितको पक्षबाट लालीमायाले सीता र द्रौपदीजस्ता महिला पात्रहरूलाई किन दुःख दिइएको भन्ने प्रश्न उठाएको र त्यसको धार्मिक आध्यात्मिक ढङ्गले उत्तर खोज्ने प्रयास पनि भएको छ।

रामनवमी-व्रतको प्रसङ्ग, पोखरामा बन्ने ठूलो टावर आलेटाले प्रवृत्तिको मारमा परी नबनेको, गाउँघरमा दही, दुध र बाक्लो मोही खाने संस्कृति रहेको, विविध हिमश्रृंखलासहित पोखराको सुन्दर प्राकृतिक वातावरण एवं लोककवि अलिमियाँ, लोकगायक धर्मराज थापा र कविशिरोमणि लेखनाथ जन्मेको स्थानको वर्णन समेत भएको छ।

लालीमायाका दाजु गोरे कसरी, के-के गरेर मुक्तेश्वरानन्द भई गाउँमा आई धार्मिक कृत्य र शास्त्रीयज्ञानलाई समाजमा प्रचारप्रसार गर्न सफल भए। उनले निरञ्जनी अखडाका प्रमुख स्वामी पुण्यानन्दबाट शिक्षा-दीक्षा लिई ब्रह्मज्ञान गर्न र ईश, कठ साथै श्वेताश्वेतर उपनिषद् पढी त्यस ज्ञानलाई सबैमा बाँड्न प्रयास गरेको प्रसङ्ग पनि उठान भएको छ। मान्छेमा धार्मिक प्रवृत्तिका साथसाथै आत्मचिन्तन तर्फको झुकाव हुनुपर्छ भन्ने मान्यतालाई मुक्तेश्वरानन्द, सहायक पात्रको चरित्रमार्फत लेखकले उठाएका छन्।

मुख्यपात्र लालीमाया र भास्करको आत्मीय प्रेम जात वर्ग र रूपलाई चिरेर अगाडि बढेको र यसलाई जीवनभर निरन्तरता दिन दुवैले प्रण गर्दछन् र मुक्तेश्वरानन्दको माध्यमबाट कठोपनिषद्को रहस्यात्मक ब्रह्मज्ञानलाई उपन्यासकारले उठाएका छन्। संसारका सबै सुख-सुविधा, धन, ऐश्वर्य, मान-सम्मान, पदवी आत्मज्ञानका अघि फिका हुन्, ती क्षणिक छन्। नचिकेताले यमराजसँग मागेको आत्माचिन्तनको ब्रह्मज्ञान नै शाश्वत हो, त्यसकै कामना सबैले गर्नुपर्छ भन्ने विषय पनि उठाइएको छ। त्यसैगरी ईशोपनिषद् र गीताको ज्ञानलाई समेत प्रवचनका माध्यमबाट समाजमा बाँड्नुपर्छ भन्ने मान्यता उठाइएको छ।

धार्मिक आध्यात्मिक चरित्रका प्रतीक मुक्तेश्वरानन्दको "यो पृथ्वी धेरै ठूलो छ मानिसका लागि त, भगवानका लागि एउटा घरको विभिन्न कोठा मात्र हो" भन्ने वाक्यले भगवान् सर्वत्र व्याप्त छ, उसले सबै देखिरहेको छ, हामी एकदेशीय छौं तसर्थ भगवान्को अस्तित्वमा विश्वास गरी उनकै इच्छा बमोजिम जीवन सार्थक बनाउनुपर्छ भन्ने अमूल्य विचार उपन्यासमा प्रकट भएको छ।

मुक्तेश्वरानन्दले बहिनी लालीमायालाई पनि अध्यात्ममार्गतर्फ उन्मुख गराएको छ। महिला पनि मन्त्र द्रष्टा ऋषिका भएका, भिक्षुणी र साध्वी भई ब्रह्मचिन्तनगरी मुक्त हुन सक्ने भएकाले त्यो निवृत्तमार्गमा लाग्न लालीमायालाई प्रेरणा दिएको छ।

लालीमायाका दाजु बहिनी आमाको देहवसानपछि घरखेत, धनसम्पत्ति त्याग गरी सन्यस्त भएका छन्। मातृभूमि छोडी पाकिस्तानमा डाक्टर पढ्दै गरेको भास्करका मुखबाट सुन्दर पोखराको वर्णन लोकलयमा उपन्यासकारले गराएका छन्। "जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी" को आदर्शलाई लोकगीतको माध्यमबाट उजागर गरिएको छ। पाकिस्तानमा भएको राजनैतिक अस्थिरताले घरखेत बेची डाक्टर पढ्न गएको भास्करको चिकित्सक भई समाजसेवा गरी भविष्य उज्जवल पार्ने सपना चकनाचुर भएको प्रसङ्ग पनि उपन्यासले उठाएको छ।

लगभग मानसिक रूपमा विक्षिप्त भएको उसको जीवनलाई पढ्दाको साथी दीपेन्द्रले बचाएको छ।

ऊ त्यसपछि पोखरामा आई दीपेन्द्रकै स्कूलमा शिक्षक भएको छ। भास्करले देखेको अशुभ सपना उसको यथार्थ जीवनमा घटेको घटनाबाट उपन्यासकारले समाजमा शुभाशुभको सकुन हेर्ने परम्परालाई उठाएका छन्।

दीपेन्द्र कोइरालाले चमेली गन्धर्वसँग गरेको प्रेम विवाहलाई उठाई उपन्यासकारले समाजमा व्याप्त भेदभाव, उचनीच धनी गरिबको सोचप्रति विद्रोह गरेका छन्। यद्यपि सहायकपात्रका माध्यबाट परिवर्तन गर्न चाहेको देखिन्छ। एकैचोटि आमूल परिवर्तन गर्न नसकिने बिस्तारै परिवर्तन ल्याउने भन्दा पनि चमेली गन्धर्वलाई पनि उच्च शिक्षा, उच्च चेतना दिलाई समानता खोज्न लगाएको भए अझ सार्थक हुने थियो। तरपनि घटनाको त्यस कालखण्डमा यति ठूलो मुद्दा उठाउने साहस गर्नु नै ठूलो कार्य हो। तथाकथित गरीब निमुखा तल्लो जातका मान्छेलाई पनि यस उपन्यासले सम्मान दिएको छ। धार्मिक रूपमा परम्परालाई उठाए पनि सामाजिक सरोकारका विषयमा मानव-अधिकार र समानताका मुद्दालाई समेत उठाएको छ। ब्राह्मण परिवारमा हुर्केको दीपेन्द्र कोइरालालाई चमेली गन्धर्वसँग छोटो समयमा विवाह गराई मान्छे-मान्छे एक हौं अर्थात् "वसुधैव कुटुम्बकम्" (सारा संसार एक परिवार जस्तै हुन्) भन्ने आदर्शलाई स्थापित गराउने प्रयत्न गरेका छन्।

यसैगरी जुल्फिकर अलिभुट्टोलाई फाँसी दिई गरिएको हत्याले नेपालमा पनि ठूलो आन्दोलन भयो। त्यस आन्दोलनको मुख्य नाइके भनी भास्कर पक्राउ पऱ्यो। कसो कसो गरी बल्ल रिहा भयो, त्यसपछि पोखरामा साथी दीपेन्द्रसँगै पढाउने कार्यमा संलग्न भयो। त्यसमा पनि दीपेन्द्रको वैवाहिक काण्डले विद्यालय छोड्नु परेको थियो। यसरी सबैतिरबाट हण्डर खाएपछि ऊ पोखरास्थित चिसाखोला आश्रममा जान्छ। त्यहाँ गई अध्यात्म दर्शनको विषयमा गहिरो अध्ययन गर्दछ। योग, ध्यान र प्राणायम जस्तो मनस्थिर राख्ने प्राविधिक पद्धति पनि सिक्दछ। त्यसपछि ऊ भास्करबाट सन्यासको विशेष विधिबाट भास्करानन्द हुन पुग्छ।

यसै क्रममा राघव र श्यामपुरी बाबाका साथ भास्करानन्द भुक्तिनाथ पुग्छ। सन्यासी भएकी साध्वीरूप धारण गरेकी लालीमायासँग धेरैवर्षपछि त्यहीँ मुक्तिनाथमा भेट हुन्छ। उनीहरूबीच रहेको साँसारिक प्रेम आखिर आत्मीय प्रेममा सीमित रहेको हुन्छ। जवानीलाई समयले लुटेपछि लगभग सांसारिक रङ्गमञ्च उठेपछि मात्र दुईको भेट भएको छ। वस्तुतः भावनात्मक प्रेम कहिले असफल हुँदैन। असफल त सांसारिक वासनामय प्रेममात्र हुन्छ। उनीहरू दुवै जीवनको सार्थकता आत्मज्ञान प्राप्त गरी मुक्त हुनुमा नै छ भन्ने निष्कर्षमा पुगेका थिए। लौकिक जीवनप्रति कुनै राग छैन, पश्चात्ताप छैन, ग्लानि छैन, बरू अति पवित्र तीर्थ स्थल मुक्तिनाथमा आध्यात्मिक साधना गर्दागर्दै जीवनमुक्त हुन चाहन्छन्।

उपन्यासले मुक्तिनाथधामको, कालीगण्डकी नदीको र शालीग्रामको महिमाको औचित्य स्थापित पनि गरेको छ। मुक्तिनाथलाई सांसारिक प्रपञ्चबाट थाकेका, पाकेका, हारेका सच्चा त्यागी मानवको आश्रयस्थल रहेको, सांसारिक समुदायको ज्वर प्रशमन गर्ने स्थानको रूपमा उभ्याउने प्रयत्न उपन्यासको अर्थलाई भास्कर र लालीमायाको जीवनमा घटाउँदै **तत्वमसि** मन्त्रको सार्थकता उनीहरूको त्यागमय जीवन बिताउने उद्देश्य अनुरूप रहेको देखिन्छ।

छान्दोग्यउपनिषद्को मूल महावाक्य **तत्वमसि** तत् त्यो ब्रह्म त्वं तिमी नै हौ भन्ने रहस्य आत्मसाथ गरी अन्तमा भास्कर सूर्यरूपमा परिणत भयो र सूर्यभन्दा अघिको उषारूपी सूर्यको किरणरूपमा लालीमाया परिणत भई **तत्वमसि** लाई सधैंका लागि सार्थक बनाएपछि उपन्यास सकिएको छ।

जे होस्, यति गहिरो विषयमा गम्भीर चिन्तनका साथ कथावस्तु, घटना, पात्र र परिवेशको चयन गर्दै मूलरूपमा कठिन वेदान्तको ज्ञानलाई जनजनमा पुऱ्याउने प्रयास उपन्यासकारको रहेको देखिन्छ। रोचक र आकर्षक शैलीमा वर्णित यो उपन्यासको मुख्य लक्ष्य, उद्देश्य र गन्तव्य मननीय रहेको छ। चिन्तनीय रहेको छ।

अन्त्यमा:- सधैं प्रमाण, तर्क-वितर्कद्वारा आफ्नो वाक् कला र वाणीको चातुर्य प्रस्तुति दिनुपर्ने वरिष्ठ अधिवक्ताको पेशागत व्यस्ततामा पनि समय निकालेर आफ्नो शास्त्रीय विद्वताले यस्तो गम्भीर आध्यात्मिक विषयले ओतप्रोत **तत्वमसि** नामक उपन्यास तयार गरी समाजलाई दिनुभएको छ। यसका लागि उपन्यासकारलाई हार्दिक मङ्गलमय शुभकामना समर्पण गर्दै यसपछि पनि यस्तै-यस्तै रहस्यात्मक ढङ्गका विषयवस्तुयुक्त पुस्तकहरू उपन्यासकार बरिष्ठ अधिवक्ता जुक्तिजंग लामिछानेज्यूले सिर्जना गर्न सक्नुहोस्। यही मङ्गलभावका साथ शुभकामना । अस्तु

# एक्लिएका एर्दोगान

- अलेक्जेन्डर दुगिन

इस्तानबुलका मेयर एकरेम इमामोग्लुको गिरफ्तारीपछि टर्कीमा गम्भीर अशान्ति उत्पन्न भएको छ र यसले झन् तीव्ररूपमा भयंकर रूप लिइरहेको छ। संकट अझ गहिरिँदै गएको छ। तर, परिस्थितिको उचित विश्लेषण गर्नका लागि विभिन्न कारकलाई ध्यानमा राख्न आवश्यक छ।

सर्वप्रथम, इस्तानबुलका मेयर, अंकाराका मेयर जस्तै, एर्दोगानको उदारवादी विपक्षी समूहका सदस्य हुन्। उनी रिपब्लिकन पिपल्स पार्टी (CHP) का हुन्, जुन एर्दोआनको आफ्नै दल, न्याय र विकास पार्टी (ब् पार्टी) को सट्टा एक वाम-उदारवादी, धर्मनिरपेक्ष र सामान्यतः युरोपपन्थी विकल्पको प्रतिनिधित्व गर्छ। यो विपक्षी समूह सैद्धान्तिक रूपमा पश्चिमतर्फ उन्मुख छ र एर्दोआनको इस्लामिक नीतिहरूको विरोधी छ। साथै, यसले रूसप्रति पर्याप्त शत्रुतापूर्ण दृष्टिकोण राख्छ।

दोस्रो, एर्दोगान स्वयंले हालसालै धेरै गम्भीर राजनीतिक गल्तीहरू गरेका छन्। यीमध्ये सबैभन्दा महत्वपूर्ण गल्ती भनेको दमास्कसमा अल-जुलानीका लडाकुहरूद्वारा सत्ताको नियन्त्रण लिने कार्यलाई उनले दिएको समर्थन हो। यो घातक त्रुटि हो, किनभने यस कार्यद्वारा एर्दोगानले टर्की-रूस र टर्की-ईरान सम्बन्धलाई गम्भीर (सम्भवतः अपूरणीय) क्षति पुऱ्याएका छन्। अब, न रूस न त ईरानले एर्दोआनलाई सहायता गर्नेछन्। परिस्थिति पहिले नै उनका विरूद्ध मोडिइसकेको छ, र संकट अझ गहिरिन सक्छ।

म विश्वास गर्दिन कि ईरान वा रसिया कुनै पनि तरिकाले टर्कीको अशान्तिमा संलग्न छन्। बरू, सम्भवतः पश्चिमले एर्दोगानलाई सत्ताच्युत गर्न खोजिरहेको छ। तथापि, उनको सिरियासम्बन्धी गल्ती अत्यन्त गम्भीर छ। टर्कीभित्र धेरैले यसलाई नबुझ्ने मात्र भएनन्, बरू एर्दोगानको यस नीतिको निन्दा पनि गरे। जसले, अहिले हामी देखिरहेझैं, अलावाइटहरू र अन्य जातीय-धार्मिक अल्पसंख्यकहरू (जसमा इसाईहरू समेत छन्)को नरसंहार निम्त्याएको छ। वस्तुतः, केवल अत्यन्त दूरदृष्टिहीन राजनीतिज्ञ मात्र सिरियाको सत्ता अल-कायदालाई सुम्पिन सक्छ। यद्यपि एर्दोगानलाई प्रायः दूरदर्शी राजनीतिज्ञ मानिन्छ तर, मेरो दृष्टिमा यो गल्तीले उनलाई बारम्बार पछ्याउनेछ।

अर्को पक्ष उनको आर्थिक नीति हो। लिराको अवमूल्यन, अत्यधिक मुद्रास्फीति–यी सबैले पहिल्यैदेखि कमजोर रहेको टर्कीको अर्थतन्त्रलाई झन् अस्थिर बनाइरहेका छन्। साथै, यी



असफलताहरू–सिरियामा भएका पराजय तथा आर्थिक संकट र एर्दोआनको युरोपेली सङ्घसँगको पुनः सामीप्यता, वैश्विक शक्तिहरूसँगको सम्बन्ध र बेलायती गुप्तचर संस्था :क्ष-६ का प्रमुख रिचर्ड मूरसँगको सम्पर्कले उनलाई फन्दामा पार्ने काम गरिरहेका छन्। परिणामस्वरूप, टर्कीभित्रको उदारवादी तर केमालवादी (र यसै कारण राष्ट्रवादी) प्रतिपक्षले उनको असफलताबाट फाइदा उठाउने अवसर प्राप्त गरेको छ। उनीहरूको तर्क छ: "हामीले पहिल्यै चेतावनी दिएका थियौं कि सिरियामा भएको विजय वास्तवमा एक प्रकारको विनाशकारी जित हुनेछ, अर्थतन्त्र पतनको अवस्थामा छ, र पश्चिमसँग हाम्रो सम्बन्ध एर्दोगानको भन्दा बलियो छ। एर्दोगानको नेतृत्वमा टर्कीलाई युरोपले कहिल्यै पनि स्वीकार गर्नेछैन।"

टर्कीमा क्रियाशील प्रजातन्त्र भएकाले एर्दोगानले इस्तानबुल र अंकाराका जनतालाई नगरप्रमुख निर्वाचनमा विपक्षी नेताहरूलाई मतदान गर्न रोक्न सकेनन्। अन्ततः एर्दोआनले इस्तानबुलका मेयरलाई कारागारमा पठाउने निर्णय गरे। यो उचित थियो वा थिएन भन्ने प्रश्न लगभग अप्रासंगिक छ– कुनै पनि आधुनिक राजनीतिक व्यवस्थामा कुनै अधिकारीलाई कैद गर्ने आधार खोज्नु सधैं सम्भव हुन्छ (आधुनिक राजनीतिमा निर्दोष व्यक्ति हुँदैनन्)। टर्की पनि यसमा अपवाद होइन। त्यसकारण, यो पूर्णतः राजनीतिक व्यावहारिकताको विषय हो।

एर्दोगानले महसुस गरे कि परिस्थितिहरू उनको विपक्षमा जाँदैछ र उनलाई आफ्ना सबैभन्दा सक्रिय प्रतिद्वन्द्वी–एक्रेम इमामोग्लुलाई जेल हाल्न आवश्यक छ। तर इमामोग्लु 'सोरस' समूहसँग सम्बद्ध व्यक्ति हुन्, जो विश्वव्यापी सञ्जालद्वारा समर्थित छन्। र एर्दोगानलाई यस कदममा समर्थन मिल्न केवल त्यतिखेर सम्भव हुन्थ्यो जब उनले स्वयम् सोरस-सम्बद्ध गुटको विरूद्ध कठोर अडान लिएका हुन्थे। तर, पहिले नै उल्लेख गरिएझैं, एर्दोगानले आफ्ना पूर्वसहयोगीहरू, ईरान र रूसलाई धोका दिइसकेका थिए। त्यसकारण, वर्तमान परिस्थितिमा हामी उनलाई समर्थन गर्न सक्दैनौं।

यो एर्दोगानका लागि एक अत्यन्तै गम्भीर परिस्थिति हो। उनका सम्पूर्ण विपक्षीहरू, संचित त्रुटिहरूको फाइदा उठाउँदै, विद्रोहमा उठेका छन्। जुन एक वास्तविक 'रङ्गीन क्रान्ति' हो। र ती रूढीवादी, यहाँसम्म कि सैनिक समर्थित केमालवादीहरू, जसको झुकाव युरेसियावादीसँग थियो। जसलाई एर्दोगानले कहिल्यै झुटा "एर्गेनेकन" मुद्दामा आरोपित गरेका थिए। तर, जसले उनलाई बारम्बार (विशेषगरी २०१६ को कू प्रयासको समयमा) बचाएका थिए। अब उनीहरू उनको सहयोगमा आउने छैनन्।

मूल रूपमा हेर्दा, एर्दोगान अब एक्लिएका छन्, किनभने उनले धेरैपटक आफ्ना सहयोगीहरूलाई धोका दिएका छन्। मलाई लाग्छ, उनको अवस्था अत्यन्तै कठिन छ। यसैबीच, हामीले आफैं पनि यी बढ्दो विरोध प्रदर्शनहरूलाई लिएर अत्यन्तै सतर्क रहनु आवश्यक छ, किनभने तिनको पछाडि उही संयोजकहरू छन्, जसले अधिकांश रङ्गीन क्रान्तिहरूको निर्देशन गरेका छन्। जसमा हालै सर्बियामा भइरहेको आन्दोलन पनि समावेश छ। त्यस्तै, यस आन्दोलनमा संलग्न वैश्विकतावादीहरू अल्पसंख्यक छन्। तर, बहुसंख्यक सर्वसाधारण जनता छन्, जो सरकारका विभिन्न राजनीतिक अराजकतासँग वास्तविक रूपमा असन्तुष्ट छन्। त्यसैले अहिले भइरहेका घटनाहरूको केही वस्तुगत कारणहरू पनि छन् जस्तो देखिन्छ। एर्दोगानले अब थप गल्ती गर्ने ठाउँ गुमाइसकेका छन्। तर तैपनि, उनी निरन्तर गल्ती गरिरहेछन्।

यो परिस्थितिलाई सुधार्न के गर्न सकिन्छ भन्ने कुरा भन्न गाह्रो छ। सम्भवतः कुनै प्रकारको केमालवादी राष्ट्रिय एकता सरकार गठन हुन सक्छ, जसमा मध्यम इस्लामवादीहरू (जस्तै, एर्दोगानकै पार्टीका सदस्यहरू) समेटिन सक्ने सम्भावना छ। यस सन्दर्भमा एउटा प्रश्न उठ्छ: टर्कीको राष्ट्रियतावादी आन्दोलन पार्टीका नेता तथा एर्दोगानका मुख्य सहयोगी देव्लेत बाह्चेलीको के भइरहेको छ? उनी मृत्यु भइसकेका छन् भन्ने हल्लासमेत फैलिएको छ। जुन सरकारले लुकाइरहेको भन्ने दाबी गरिन्छ। मलाई लाग्छ, यो केवल षड्यन्त्रको कथा हो। तर, उनी साँच्चै नै बृद्ध भइसकेका छन् र शारीरिक रूपमा कमजोर देखिन्छन्। एर्दोआन अब उनलाई वा उनका "ग्रे वुल्फहरू" मा (जो कुनै समय शक्तिशाली र खतरनाक टर्कीका उग्र राष्ट्रवादीहरू थिए) भर पर्न सक्दैनन्। त्यसैले, पुनः म दोहोऱ्याउँछु: एर्दोगान र उनको शासनको भविष्य अँध्यारो देखिन्छ। तैपनि हामी अवश्य पनि एक सार्वभौम टर्कीलाई, स्वतन्त्र परराष्ट्र नीतिसहितको छिमेकीका रूपमा देख्न चाहन्छौं। राम्रो सम्बन्ध राख्ने पक्षहरूसँग हामी सधैं रहन्छौं। यद्यपि टर्की शत्रुतापूर्ण भए पनि हामी त्यसका लागि तयार छौं। रसिया कुनै पनि परिस्थितिको सामना गर्न पूर्ण रूपमा तयार छ। (सारांसःअलेक्जेन्डर दुगिनले विश्लेषणयो छ कि एर्दोगान अहिले निकै खराब स्थितिमा छन् र उनले न त रूसबाट न त इरानबाट कुनै सहायता प्राप्त गर्न सक्नेछन्।)

*अनुवादः मोहनप्रसाद ज्ञवाली*

Gorkha Express Weekly
राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक

# मुक्तक लेख्ने प्रयासहरू – रहरले बेताल भयो जिन्दगी



भेटेर के गर्नु मन कच्याककुचुक पार्ने सित
केवल एउटा हात दिँदा सिङ्गै मुटु दार्ने सित
जूनले सित्तल दिएको हुन्छ रातभरि नै तर
विहानै लाली देखेर सूर्यतिरै माया सार्ने सित ।

**- दिव्या पियंवदा**



कमजोर ठानी नारी मनलाई गाल्नेहरू सुन
पुरूष भएको घमण्ड मनमा पाल्नेहरू सुन
नारी बिना तिम्रो पुरूषत्वको कुनै अर्थ छैन
इज्जत गर्न सिक्नुपर्छ एसिड फाल्नेहरू सुन ।

**- मिरा ज्ञवाली**



सम्झनाको इतिहास पुरेपछि आयौ
जिन्दगीको गाडी त्यो गुडेपछि आयौ
अन्तिम श्वास लिँदासम्म खोज्दै थिए बाले
उनको प्राण पखेरू उडेपछि आयौ ।

**- तारा केसी**



घमन्ड गर या ईर्ष्या, तिम्रै दिल जल्छ पक्का छ
तोडिन्छ तागत खर्चिन्छौ दिल बल्छ पक्का छ
रिस आगो एकै लाग्छ डढेलो सल्किनेजस्तै गरी
खोज्दैमा आफ्नोपन बिच दिल गल्छ पक्का छ

**- चन्द्रकला आचार्य**



आउँदाजाँदा निस्कनु है हाम्रो घरतिर पनि
सुनसान होला हिजोआज सहर, बजारतिर पनि
भएजति युवाहरू सबै विदेशतिर जाने भए
सजिलो त छैन,होला नि त्यो विदेशतिर पनि ।

**- जेबी खत्री**



रहरले बेताल भयो जिन्दगी
निष्ठुरीको भरले बेहाल भयो जिन्दगी
भन्थ्यौ मायाँ हाम्रो दुनियाँलाई देखाउँला
बदलिँदो नजरले आँसुको ताल भयो जिन्दगी ।

**- इन्द्रा थापा**



यो समय सबैभन्दा भ्रष्ट सावित भयो
यो समय सबैभन्दा असक्षम सावित भयो
इतिहासमै कलङ्कको कालो टिका लगायौ सरकार
यो समय सबैभन्दा नालायक सावित भयो ।

**- राधेश्याम लेकाली**



मरूभूमिमा पानीको पँधेरो भेटिन्न
भुत्ते खुकुरीले च्वाँचेको गर्दन रेटिन्न
अलि पत्याउने गफ गरौंन मित्रहरू हो !
मासुको स्वाद मस्यौराले कहिल्यै मेटिन्न ।

**- शंकर ज्ञवाली**



ढाटिदिउँला छलिदिउँला बेमान बनिदिउँला
बेहाल बेखवर अनि बेठेगान बनिदिउँला
मेरो कारण तिम्रो स्वाभिमान डगमगाउँछ भने
बाचा भयो फेरि पनि अन्जान बनिदिउँला ।

**- अर्जुन अधिकारी**



तिमी सँग खेल्न मन थियो होली
टाढा भयौ सम्झना मात्रै रह्यो बोली
थाहा छैन मान्छेको जिन्दगी न हो
आज छ नहुन पनि त सक्छ भोली !

**- शान्ता खवास**



लक्ष्य एउटै हो हाम्रो निशाना एउटै हो
लाग्छ ईश्वरको वरदान चाहना एउटै हो
फरक लाग्दो कतै हेराइको दृष्टि सँगै..
साझा मुटुको धड्कन बहाना एउटै हो ।

**- शिवा कार्की**



तिमीले सधैं मलाई उपहास गर्छौ र पो मन रून्छ
कुनै निचोड बिना अभ्यास गर्छौ र पो मन रून्छ
त्यो हेराइमा कहिल्यै भइएनछ नजिकैको मान्छे
घरिघरि प्रवृति प्रर्दाफास गर्छौ र पो मन रून्छ ।

**- देवकी तिमिल्सिना, समीक्षा**

## भ्रष्टाचारविरूद्ध कविता प्रतिस्पधा सँगैं वासु स्मृति सम्मान



२०८१ चैत ८, काठमाडौं । हेम सरिता पाठक फाउन्डेसनले आयोजना गरेको भ्रष्टाचार विरूद्धको अन्तर्राष्ट्रिय कविता प्रतियोगितामा कवि तोया भट्ट पुरस्कृत भएका छन् । समाजसेवी हेम पाठक र सरिता पाठक (अमेरिका)ले स्थापना गर्नुभएको पुरस्कारमा एक लाख राशि र सम्मानपत्र रहेको छ ।

सो निर्णय हेम सरिता पाठक फाउन्डेसन नेपाल शाखाका अध्यक्ष राधेश्याम लेकालीले प्रेषित गर्नु भएको पत्रमा उल्लेख गरिएको छ । यसअगि प्रतियोगिताका लागि प्राप्त कविताहरूमध्ये पहिलो चरणमा उत्कृष्ट पच्चीस कविताहरू सार्वजनिक गरिएको थियो । साहित्यकारहरू प्रमोद प्रधान, प्रा. डा. गोविन्दमान सिंह कार्की र पारश नेपाल रहेको तीन सदस्यीय निर्णायक समिति रहेको थियो । आगामी बैशाख १३ गते काठमाडौंमा कार्यक्रमको आयोजना गरी पुरस्कार प्रदान गरिने भएको छ । सोही दिन १ लाख राशिको भ्रष्टाचार विरूद्धको गीत प्रतियोगितामा पुरस्कृत 'जनतालाई रूवायो' गीतका सर्जक गोपालप्रसाद थपलिया र सो गीतका गायक एवं सङ्गीतकार शिशिर योगी तथा २ लाख राशिको 'टंकप्रसाद - रमादेवी पाठक अन्तर्राष्ट्रिय पत्रकारिता पुरस्कार'का पुरस्कृत पत्रकारहरू मातृका दाहाल र दीपा दाहाललाई पनि पुरस्कार अर्पण गरिने भएको छ ।

डर लागिरहन्छ मेरो प्रिय देश कतै गुमाउन नपरोस्
हरेक दिन देश बचाउन प्रार्थना गाउन नपरोस्
सधै प्यारो लाग्छ मलाई मेरो देश मेरो राष्ट्रियता
आमाको निम्ति दुष्टहरुको पाउ , समाउन नपरोस्




## मुखिया, वैद्य र पहाडी सम्मानित


वासु स्मृति परिषदले वरिष्ठ नाटककार मनबहादुर मुखिया, कविहरू विमल वैद्य र सन्ध्या पहाडीलाई सम्मानित र पुरस्कृत गरेको छ । नेपाली साहित्यका प्रसिद्ध साहित्यकार वासु शशीको ८९औं जन्मजयन्तीको अवसर पारेर प्रमुख अतिथि चलचित्र निर्देशक एवं वरिष्ठ साहित्यकार यादव खरेलले वरिष्ठ नाटककार मनबहादुर मुखियालाई 'वासु शशी साहित्य सम्मान २०८१" बाट सम्मानित गर्नुभएको हो । यसैगरी चालीस दशकका कवि विमल वैद्यलाई 'वासु शशी साहित्य पुरस्कार २०८१' र कवि सन्ध्या पहाडीलाई 'कृष्ण-सरस्वती साहित्य पुरस्कार २०८१' बाट पुरस्कृत गरिएको छ । साहित्यकार हिरण्यकुमारी पाठकको सभापतित्वमा आयोजित सो कार्यक्रममा परिषदका सदस्य सचिव प्रद्युम्न जोशीले स्वागत मन्तव्य व्यक्त गर्नु भएको थियो ।

## झुपडीको व्यथा



अरुणबहादुर खत्री

लघुकथाकार किसान प्रेमीको झुपडीको व्यथा नामक लघुकथासङ्ग्रह २०८० सालमा चौथो कृतिको रूपमा प्रकाशित भएको छ । उनको पहिलो कृति गाउँवस्ती रोइरहेछ नामक कवितासङ्ग्रह २०५९ सालमा प्रकाशित भएको थियो । यस कृतिभित्र उनले लेखेका ए अचम्म ! ओसिलो आँखा, सोचेको जस्तो कहाँ हुन्छ ?, सहिद दिवस, विनोद वृद्धाश्रम लगायत विभिन्न शीर्षकका ५२ वटा लघुकथाहरू राखिएका छन् । यसमा सङ्गृहीत ५२ वटै लघुकथा पाठकलाई प्रभावकारी रूपमा आकर्षित गर्न सक्षम रहेका छन् । यस सङ्ग्रहभित्रको ए अचम्म ! शीर्षकको पहिलो लघुकथामा बाको टुरिस्ट साथी कुइरे अङ्कलसँग बिहे गरेर विदेश जानुभा छ । ए अचम्म ! म गम्भीर भएँ र पुन: बालकसँग सोधेँ- पढ्न मन लाग्छ ? बालकले भन्यो लाग्छ । बाले भनेका आमाले बिदेश बोलाउछिन् अरे भनेको छ । ओसिलो आँखा शीर्षकको लघुकथामा आमा ! आजभोलि जङ्गली जनावरको भन्दा पनि मान्छेकै डर छ सँगै आउनुपर्थ्यो नि ? आमा हातगोडा धोएर भित्र पसिन् । सानो पोका शोभाको हातमा थमाइन् । शोभा अँगेनामा आगो बाल्दै थिइन् भनिएको छ ।




सङ्ग्रहभित्रका सबै लघुकथाहरू सवाल्टर्निक छैनन् । विषय र विचारगत विविधता किसानका कथाहरूको विशेषता हो । सहिद दिवस शीर्षकको लघुकथामा छोराले चिठी पढेपछि प्रमोदको आमा (प्रभादेवी) विगतका दिन सम्झेर मुख छोपेर भक्कानिदै रोएकी थिइन् भनेर किसानले लेखेका छन् । किसानका प्राय: लघुकथाले गह्रुङ्गो औपन्यासिक खुराक बन्न सक्ने विषयवस्तुलाई लघुकथाभित्र अटाएका छन् । सूक्ष्मता, तीब्रता, घनत्व, व्यङ्ग्य, सन्देश, पात्रको सन्तुलन र विपरित मार्गबाट जीवनबोध गराउनु लघुकथाको आधारभूत तत्वहरू हुन् । किसानको लघुकथाको भाषा सरल, सहज र सुबोध्य छन् ।

लघुकथा भन्ने शब्दले छोटो कथा भन्ने अर्थ दिन्छ तर अंग्रेजी साहित्यमा भने जति लामो कथालाई पनि सर्ट स्टोरी भन्ने चलन छ । लघुकथाका सम्बन्धमा विविध परिभाषा, बिचार र दृष्टिकोणहरू छन् । जे भए पनि नेपाली साहित्यमा लघुकथाले आफ्नो अलग स्वरूप र विधा ग्रहण गरिसकेको छ । यसै सन्दर्भमा नेपाली समाजको यथार्थ भोगाइहरू यसभित्र लेखिएका लघुकथामा खारिएका, माझिएका र टलक्क टल्किएका छन् । थोरै लेखेर पनि गुणस्तरमा ध्यान दिन सके कृतिको महत्व बढ्नेछ । यस तथ्यलाई लघुकथाकार किसानले मनन गरेका छन् । विषयवस्तुका हिसाबले बहुमुखी छन् । विसङ्गति, सामाजिक बिडम्बना, आर्थिक विपन्नता, बौद्धिक दयनियता, सांस्कृतिक विचलन जस्ता कुराहरूमा किसानका लघुकथाहरूले व्यङ्ग्य गरिएको छ । भाषा सरल छ । कसिएको छ । प्रस्तुति मिठो छ । सुरम्य छ । लघुत्व छ । सङ्क्षिप्त छ । पढ्दा निकै आनन्द आउँछ । किसानका लघुकथा उनले देखेको व्यक्ति, समाज र राष्ट्रका साथै सुनेका घटनामा पनि आधारित छन् । यिनका कतिपय लघुकथा समय र स्थान सीमाका रूपमा पनि आएका छन् ।

मनमा बिझेका, मनलाई छोएका, देखे-भोगेका र कल्पनामा दौडिएका कुराहरू नै कथाका रूपमा आउने रहेछन् । गोहीको आँसु शीर्षकको लघुकथामा अघिअघि शव पछिपछि मलामीहरू हिँडिरहेका छन् । सबै मौन छन् । धनवीर पनि मनमा कुरा खेलाउँदै हिँडिरहेको छ । ऊ गाउँको साहु हो । के हिउँद, के वर्षा सधैँ गाउँका गरिबहरू उसको घरमा ॠण माग्न पुगिरहन्छन् भनेर किसानले लेखेका छन् ।

प्रस्तुत लघुकथासङ्ग्रहमा प्रस्तुत दैनन्दिन जीवनसँग सापेक्षता भएका देश, काल र परिस्थितिहरू समसामयिकताका साथै समाज मैत्री परिवेशमा आधारित रहेका छन् । मानिसका जीवनका कतिपय रहस्यहरू विलय हुन्छन् भने कतिपय जागृत हन्छन् । तथापि यस लघुकथासङ्ग्रहमा सामाजिक, आदर्श र उन्नत जीवनको स्थापनाका लागि आदर्श पक्षको घटना र पात्रीय सन्दर्भमा आधारित भाव कथनलाई लघुकथाहरूमार्फत यथार्थको झल्को प्रशस्त दिएको पाइन्छ । प्राय लघुकथाहरूमा व्यङ्ग्यको चोट प्रकटन हनुका साथै व्यञ्जार्थ अर्थभावहरू लघुकथाको बनौटसँगै संवाद शृङ्खलामा सजिएको भेटिन्छ । बौद्धिकताको कसीमा भाव र सन्देशका बिचमा लघुकथाहरू प्रशस्त सजिएका छन् ।

सानोको जिन्दगी शीर्षकको लघुकथामा मेरा आँखा पोखरीको ससाना माछाहरूको झुण्डमाथि पऱ्यो । तिनीहरू खेलीरहेका थिए । मन लोभिइरहेको थियो तिनीहरूको क्रिडामा । सोधे किन यताउता पल्याकपुलुक गरिरहन्छन् तिनका आँखाहरू ? भनेर किसानले लेखेका छन् । समाजका झुपडीभित्रका व्यथा, सामाजिक तथा राजनीतिक विकृति र विसङ्गति, युवावर्गमा देखिएका विचलन, बृद्धबृद्धाहरूले भोग्नुपरेका पीडा, समाजमा व्याप्त भ्रष्टाचार, लोकतन्त्र र गणतन्त्रमा जनताले देखेका सपना पुरा हुन नसक्दा उनीहरूमा देखिएको वितृष्णा, सहिद परिवारलाई राज्यले गरेको उपेक्षा, जनताले सबै किसिमको पीडाबाट मुक्ति पाइन्छ सबै सुखी हुन्छन् जनताको लागि प्राणको आहुती दिन पछि पर्ने छैनौ भनेर हिँडेका योद्धाहरूले अहिले पनि शरिरभरि छर्रा बोकेर अपाङ्ग भई बाँच्नुपरेको जनताको पीडा उनले लेखेका लघुकथामा देखिएका छन् ।

कुत्सीत परिपाटी शीर्षकको लघुकथामा बाबुको कुरा सुनेर छोरी सुशीला छक्क परिन् । उनको अनुहार हेर्दै बाबुचाहिँले लामो सास फेर्दै पुन: भन्यो । तिमीले कथा सुन्यौ हैन । कथा जस्तो भए तापनि ठुलावडा भनाउँदा मानिसहरूले भनेको त्यो व्यवहार मानवीय व्यवहार पक्का पनि होइन जस्तो लाग्छ मलाई तिमीलाई कस्तो लाग्छ छोरी ? भनेर प्रश्न गरिएको छ । लघुकथाकार किसान प्रेमीको अन्य कृतिहरू पनि प्रकाशित हुदै जाओस् भन्न चाहान्छु ।

**कृति: झुपडीको व्यथा**
विधा: लघुकथासङ्ग्रह, स्रष्टा: किसान प्रेमी
सम्पादक: रमेश प्रभात, प्रकाशन मिति: २०८०, मूल्य: रू.२५०।-

हरेक मंगलवार : गोरखा एक्सप्रेस
www.nepaltoday.com.np




| | | |
|---|---|---|
| सम्पादक/प्रकाशक | | राजन कार्की |
| Editor/Publisher | | Rajan Karki |
| सह-सम्पादक | : | शाश्वत शर्मा |
| अनलाइन प्रविधि | : | उत्तम राज |
| कानुनी सल्लाहकार | : | शिवप्रसाद सिग्देल |
| मुख्य व्यवस्थापक | : | कृष्णकुमार कार्की |
| व्यवस्थापक | : | दिलकुमार कार्की |
| मुद्रण | : | तारा प्रिन्टर्स, कलंकी |

गोरखा एक्सप्रेस साप्ताहिक
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४
E-mail : rajan2012karki@yahoo.com
nepaltod@gmail.com
Online : www//nepaltoday.com.np




# हिंसा मान्य हुनसक्दैन

चैत १५ मा फेरि रक्तपात भयो । दुई जना मारिए । नागरिक मर्नु नागरिक शासनको उपहास हो । लोकतन्त्रको मृत्यु हो । लोकतन्त्रमा लोकले न्याय पाउनुपर्छ, बाँच्न पाउनुपर्छ । लोक मारिनु हुन्न ।

राजतन्त्र पक्षधरको आन्दोलनमा कसले गऱ्यो घूसपैठ । राजतन्त्र पक्षधर अराजक भएको भए फागुन २५ गते एयरपोर्टदेखि महाराजगञ्जसम्मको भीड अनुशासित नै थियो । चैत १५ को प्रदर्शनमा जुलुस अचानक अनियन्त्रिक हुनपुग्यो, पत्रकार सुरेश रजक र युवा आन्दोलनकारी सविन महर्जन दुईजनाको मृत्यु भयो, थुप्रै घाइते हुनपुगे । नियन्त्रणबाहिरको तोडफोड र आगजनीपछि कारणले सैनिक परिचालन गर्नुपर्ने अवस्था सिर्जना हुनपुग्यो ।

नागरिकलाई यसरी आक्रोसित पार्ने कार्य राजतन्त्र र हिन्दुराष्ट्रको माग गर्ने भन्दा बढी जिम्मेवार ठूला राजनीतिक दल र तिनले पटक पटक हाँकेको स्वार्थी सत्ता राजनीति नै हो । तिनले स्थापित गर्न नसकेको सुशासन र सिद्धान्तहीनता हो । नेतृत्वमा स्खलन भएको चरित्र र भाँडिएको तिनको नैतिकहीनता नै हो । अहिले आएर विषयान्तर गर्न राजालाई अखानो देखाउने र नजरवन्दमा राख्नुपर्छ भन्ने तिनको नकारात्मक सोच हो । राजाले पटक पटक भनेका छन्- सहमति र सहकार्य गरौं । सबैलाई थाहा छ, परिवर्तन भए पनि राजनीतिक मुद्दाको किनारा लागेको छैन । एकातिर संक्रमणकालीन न्याय स्थापित हुननसक्नु, अर्कोतिर भ्रष्टाचार बढ्नु, जनतामाथि अन्तहीन शोषण हुनु र सुशासन कायम हुन नसकेकै हो । जनता आक्रोसित पार्ने कार्य ठूला दल र तिनको नेतृत्वबाट हुने अनि दोष अन्त मोड्नु भनेको फेरि पनि अराजकताको आगोमा घ्यू थप्ने कार्य नै हो । राज्य दमनमा उत्रिएपछि भीड आक्रोसित भएको हो । स्थिति सामान्यीकरण गर्ने, पीडितलाई दिएर समाजलाई सुस्थिर बनाउने हो भने संवादबाट समस्याको निदान खोजिनुपर्छ । चैत १५ गते जेजस्ता हिंसात्मक घटना घटे, त्यो दुःखद पक्ष हो । सत्ता र प्रतिपक्षीले राजालाई दोष देखाउनु वा राजसंस्थावादीले सत्ता र प्रतिपक्षीको घूसपैठ देख्नु र दोषादोष गर्नु भनेको अराजकतालाई बढावा दिनु हो, जुन हुनुहुन्न ।

राजधानी रणमैदान बन्यो, रक्तपात भयो, आगजनी पनि भयो । सेना परिचालन हुनपुग्यो । असुरक्षा र अराजकता झन बढ्ने खतरा छ ।

राजाले देशको समृद्धि, शान्ति र सुशासनका लागि जनताको साथ खोजेका हुन् । यो साथ राजनीतिक दलहरूले पनि दिनुपर्ने हो । राजाले म राजा हुन्छु अथवा शासनसत्ता हातमा लिन्छु भनेको छैन । जनताले खोजेका हुन् भने जनताको नासो जनतालाई दिन्छु भनेर २०६५ सालमै राजदण्ड जनतालाई सुम्पेर नागरिक जीवन बिताइरहेका हुन् । राजाले गरेको भनेको पूजापाठ, मठमन्दिरको दर्शन हो । दर्शन गर्न जाँदा जनताले स्वागत गरे, अभिनन्दन गरे, गुनासो पोखे । राजाले १७ वर्षदेखि परम्परागत रूपमा दिने सन्देशहरूमा जनताको पीडाबाट आहत भएको कुरा भनिरहेकै हुन् । लोकतन्त्रमा जनताले किन आहत हुनुपऱ्यो, लोकतन्त्र किन लोकजीवन पद्धति हुनसकेन भनेर लोकतान्त्रिक हुँ भन्ने नेताहरूले कहिले पनि आत्मबिबेचना गरेनन् । त्यसपछ राजाले सबैको साथ खोजेका हुन् । यो साथ खोजेको सत्ता हातमा लिन होइन, देशको अस्तित्व बचाउन हो । प्रत्येक नागरिक देशको अस्तित्व मेटिने खतरा देखिरहेका थिए । यहीकारण नागरिकले राजा आउ देश बचाउ भनेर नारा लगाएका हुन् । सैनिक परिचालन भएपछि सेना आउ देश बचाउ भनेर नारा लगाए । अर्थात् देशभित्र नागरिक सन्तुष्ट छैनन् ।

नागरिकले नेता आउ देश बचाउ किन भनेका छैनन् ? नेता किन सुरक्षा घेरामा बाँचिरहेका छन् ? जननेता जनताका सामु जान किन डराइरहेका छन् ? जनतामा किन नेतृत्वप्रति घृणाभाव उर्लिरहेको छ ? यी यावत् प्रश्नको जवाफ खोज्ने जिम्मा वर्तमान लोकतान्त्रिक नेताहरूकै हो । जबसम्म नेतृत्वले जनअसन्तुष्टिको कारण र निदान खोज्दैनन्, अराजकता शान्त हुनसक्दैन ।

# लोकतन्त्रमा गुरूमापा पस्यो, मान्छे खाइरहेछ







*गुरूमापा : नेवार समुदायमा प्रचलित छ । केशचन्द्रले जूवामा थालभाँडा पनि हार्दै गएपछि दिदीले भुइँमा दिएको भात बोकेर आफूलाई खान खोज्ने राक्षसलाई मामा भनेर खुवाए, खुशी पारे । त्यसपछि घरघरका बच्चा गायब हुनथाले का थिए ।*

*अर्को कथा तिब्बती बौद्ध गुरू मार्पा सानो छँदा उदण्ड थिए, उनले पछि उनले बुद्धधर्मको ज्ञान लिएको, गुरू नरोपाबाट तन्त्रविद्या सिकेको र तिब्बत फर्केको कथाको प्रसङ्ग पनि छ । गुरूमार्पा गुरूमापा बनेर आएको कथा पनि छ ।*

*घरघरका बालबालिका हराउन थालेपछि समुदायले गुरूमापालाई हटाउने जुक्ति निकाल्छन् । वर्ष वर्ष दिनमा गुरूमापालाई मासुभात खुवाउने बाचा गरेर टुँडिखेलको एक कुनामा बस्न राजी गराउँछन् । फागुको दिन नेवार समुदायले टुँडिखेलको पूर्वी दक्षिण कुनामा गुरूमापालाई भोज खुवाउने चलन छ । त्यसपछि कसैका पनि बालबालिका हराउन छाडेका थिए भनिन्छ ।*

आज पनि राजधानीका नेवार समुदायमा गुरूमापा आउँछ, गुरूमापाले खान्छ है भनेर उद्दण्ड स्वभावका बालबालिकालाई तर्साएर भनेको मान्ने, ज्ञानी बनाउने प्रयत्न गर्छन् ।

गुरूमापा कथा हो कि साँच्चै हो भन्न सकिन्न । तर गुरूमापाका रूपमा बेला बेलामा आन्दोलन हुन्छ, आन्दोलनलाई हिंसात्मक बनाइन्छ र हिंसा द्वन्द्वमा होनहार युवा मारिने गर्छन् ।

०३६ साल, ०४६ सालमा भन्दा बढी जनयुद्धकाल र त्यसपछिको जनआन्दोलन, मधेश आन्दोलनमा मानिस मारिए । ६ महिनामा संक्रमणकालीन न्याय दिइनेछ भनेर कबुल गरेकाहरूले १७ वर्षमा पनि न्याय सम्पादन गर्न सकेनन् । पीडितहरू न्यायका लागि गुहार गरिरहेकै छन् ।

यो १७ वर्षमा अग्रगमनकारी भनिएकाहरूको अनुहार भ्रष्टाचारले गनाउने नालीजस्तो बनेको छ । सहमति र सहकार्यका लागि अहंकारीहरूले मानेनन्, भ्रष्टाचार बढ्दै गयो ।

अति भयो भनेर नागरिकहरूले लामो समयदेखि आन्दोलन गर्दै आएका थिए । नागरिक अर्को परिवर्तनका लागि बिद्रोह गर्ने झल्को गन फागुन २५ गते दिएका थिए । त्यसपछि चैत १५ गते परिवतर्न खोजिने भन्ने कार्यक्रम थियो । समाजवादी मोर्चा प्रतिकारमा उत्रियो, सरकारको नेतृत्व गरेको एमाले प्रतिकार गर्ने कार्यक्रममा लाग्यो । नागरिकले मागेको सुशासन व्यवहारमा दिन नसक्ने अग्रगमनकारीले अन्ततः नागरिक दमनमा उत्रिन पुगे ।

यसैको परिणाम हो, चैत १५ गतेको हिंसात्मक आन्दोलन । आन्दोलनकारीलाई उक्साउने काम भयो, दमन भयो, निजी घरका कोठा कोठाबाट टियर ग्यास हान्ने काम भयो, नागरिक उदण्ड बने ।

आगजनीका घटना भयो, सुरक्षा निकायले सम्हाल्न सकेन । अन्ततः होनहार पत्रकार मारिए, होनहार युवा मारिए । सरकार वार्ताबाट स्थिति सम्हाल्न भन्दा अहंकारबाट दमन गर्न सैनिक परिचालन गर्न पुग्यो ।

प्रजातन्त्र भनेको न अहंकार हो, न दमन हो, न हिंसा हो ? प्रजातन्त्र संवादबाट निकास खोज्नु हो । कुनै पनि समस्याको समाधान निकाल्नु हो ।

भ्रष्टहरूलाई गुरूमापा बन्न दिइरहने कि थान्को लाग्न सुझाव दिने ? भ्रष्टहरू अहंकार देखाइरहे देशको अस्तित्व सुनिश्चित हुनसक्दैन । यो पक्का छ ।

अग्रगमनको नामधारी भ्रष्टहरूलाई प्रजातन्त्रमा मान्छे खाने गुरूमापाको इटुम्बहाल बन्न दिइरहने कि तिनख्या अर्थात् (टुडिखेल) रूपी जेलको कोठरीमा कुनामा थान्को लगाइदिने ?

प्रश्न गम्भीर छ, सामयिक छ ।

एकोहोरो शङ्ख मन पर्ने, मृत्युधुन मीठो मान्ने र मान्छे पोलेको दृश्य खुशी भएर हेर्नेहरू विषालु हुन्छन् । मान्छे त मान्छे नै हुन्, मान्छेलाई प्रदूषित अनुभूतिले पनि विषालु बनाउँछ । अतिउत्तम प्रजातान्त्रिक देशबारीमा नैतिकहीन, चरित्रहीन, भ्रष्टाचारको विष रोपेकोले विषालु फल फलेका छन् । खाए विषले मरिन्छ, नखाए भोकले मरिन्छ । आक्रोसित हुँदा राज्यदमनबाट मरिन्छ । हाम्रो पवित्र प्रजातन्त्र नामधारी विषालु परिवेश यही हो । बाध्यता र भयले घाँटी थिच्दोछ । न गरिखान दिए, न स्वभाविक मरिजान दिए ।

जीवन बाँचेको जस्तो छैन, देशैभरि भ्रष्टाचार र सिद्धान्तहीनताका एकोहोरो शङ्ख बजेको सुनिन्छ ।

मान्छेको काम बाँच्नु र बचाउनु हो । यहाँ त मान्छे मार्नु र पोल्नु, निचोर्नु र छाला टाङ्नुलाई लोकतन्त्र भनेर ढाँटिदै छ । एउटै शङ्ख महामृत्युञ्जय, त्यही शङ्ख मत्यु बाजा । हामी सत्तालाई चिहान बनाएर अगुवाहरूले बजाएको अनैतिक मृत्युधुन सुनिरहेछौं ।

पद्धति राष्ट्रको मार्ग हो, हामीले हिंडेको राष्ट्रमार्ग अदूरदर्शी भ्रष्टाचारको काँडेघारी हुनथाल्यो । साहित्यकार ***वीपी कोइरालाले राजनीतिभन्दा माथि उठेर लेखेका छन्- मानिस न पशु हो, न ईश्वर । मानिस केवल मानिस हो, पशुभन्दा माथि, ईश्वरदेखि तल ।***

वीपीको लेखाइ र हाम्रो भोगाइ, कुन तहमा होला ? लोकतन्त्र लोकजीवन हो, लोकबाजा हो । कसरी पाखण्ड भयो ? लोकतन्त्रमा कृष्ण होइन, गुरूमापा पो जन्म्यो । मान्छे खाइरहेछ ।

जसरी इटुम्बहालका नागरिकले गुरूमापालाई टुँडिखेलको पूर्व-दक्षिण कुनामा थान्को लगाए, वर्षेनी खान्की स्वरूप भोज खुवाउने प्रचलन बसाले, राजनीतिका गुरूमापा जो जनता र देश खाइरहेका छन्, तिनले खानुसम्म देश र जनता खाइसके, एउटा थान्कोमा नराख्ने हो भने राष्ट्र निलिदिन सक्छन् । राजनीति र सत्ता गुरूमापाको मैदान हो, गुरूमापा बनेका नेताहरूले देशलाई भान्छा बनाए । कुनै कालखण्डमा एउटा गुरूमापा थिए, गणतन्त्रमा थुप्रै छन्, देशखाने गुरूमापाहरूबाट सावधान ।

सवाल के छ भने बिरालाको घाँटीमा घण्टी झुन्ड्याउने कसले ? जिम्मेवारी जनताको हो, जनता निस्कनासाथ दमन हुन्छ, उक्साइन्छ, अनेकतत्वले हिंसा फैलाउँछ र नागरिकको ज्यान जान्छ । पत्रकार मारिन्छ । असफल संविधान मर्छ । भ्रष्टाचारी भाइरस टपक्क टिपेर फाल्छु भन्नेहरूलाई भ्रष्टाचारीहरूले आत्मघाती दमन गर्छन् । नेतृत्व सफल र सवल भइदिएको भए, नागरिकको आवाज तिनले सुनिदिएको भए नागरिक मृत्यु, हिंसा देख्नै पर्ने थिएन ।

नागरिकको आवाज सुन्नुपर्ने, बोल्नुपर्नेहरू भ्रष्ट नेताको हनुमान चालिसा पाठ गरेर बसेका छन् । नागरिक शासनको सुरक्षाअधिकारी कोही छैन । फर्सी कुहिएझैं कुहिएकाहरूले पद्धतिलाई कुहाइसके । कुहिएको बोक्नु, मृत्यु बोक्नु हो । आफूलाई अब्बल देखाउन असफल हुनेको बुई चढेर जँघार तरिन्न । जो असक्षम छन्, उनीहरूसँग बाँकी रहेको पाखण्डमात्र हो । पाखण्डको एकोहोरो शङ्ख सुनेर पुगिने चिहानमात्र हो । चैत १५ गते फेरि नागरिकको रूपमा, पत्रकारको रूपमा यो पद्धति मृत्यु भयो ।

भारतका शासक प्रशासक बनेका प्रणव मुखर्जी र श्याम शरणले नेपालको परिवर्तन हामीले ल्याइदिएका ह्वौं, माओवादीलाई हामीले पालेका हौं भनेर दावी गरेका थिए । अहिले पनि एसडी मुनिजस्ता नेपालविद्हरू माओवादीलाई यहाँसम्म पुऱ्याएको हामीले हो भन्छन् र नेपालको परिवर्तनको स्टेक होल्डर भारत पनि हो भनिरहेका छन् । एसडी मुनि र पूर्व रअ प्रमुख र अमर भुषणले त इनसाइड नेपाल, इन्स्पायर्ड बाई अ ट्रिउ स्टोरी पुस्तक नै लेखेर नेपालको परिवर्तनमा भारत निर्णायक थियो भन्ने प्रमाणित गरिसकेका छन् । अरूले भिराइदिएको गणतन्त्र र संघीयता बोक्ने भरियाहरू नागरिक आन्दोलनको प्रतिकारमा उत्रनु र दमन गर्नु दुर्भाग्य हो । लोकतन्त्र हाँक्ने सैद्धान्तिक, नैतिक आधार, धरातलको विकास भएको भए यस प्रकारको रक्तपात हुनेथिएन ।

भारतले ल्याइदिएको परिवर्तनलाई हामीले ऐतिहासिक मान्ने ? अपनत्व ग्रहण गर्ने ? भारतले हिन्दुराष्ट्र र राजतन्त्रको अन्त्य गरेर गणतन्त्र उपहार दिएको रहेछ, होइन भन्ने प्रमाण छ कुनै नेतामा ? ठूलो उपलब्धि भनेको लोकतन्त्र भारतको बक्सिस् रहेछ । लोकतन्त्र भ्रष्टतन्त्र, नेतातन्त्र बन्न पुग्यो । चाकरी गरेबापत पाउने बक्सिस हो । चाकरमा स्वाभिमान हुँदैन । भागवत गीतामा लेखिएको छ- मानिस आफैभित्र आफ्नो बन्धु, शत्रु दुवै हो ।

हामीले बन्धुलाई शत्रु र शत्रुलाई बन्धु बनाएको फल भोगिरहेका छौं । आफ्नो किस्मतमात्र मीठो हुन्छ, लोकतन्त्र अर्काको उत्पादन रहेछ, त्यसैले तीतो भयो । नागरिकले भ्रष्टतन्त्र पचाउन सकेनन् । नेतृत्वले सुशासन कायम गर्न सकेनन् । यथार्थ यही हो । यो सत्य उत्खनन् नगर्ने हो भने नेपाल बंगलादेश बन्नसक्छ । भो त्यो घटना अपेक्षा नगरौ ।

यथार्थ यही हो कि पाखण्डमा पौरख हुँदैन । हाम्रा नेता स्वतन्त्र भइदिएको भए यिनमा आँट र आत्मबल हुन्थ्यो । सिद्धान्त, नैतिक बल र स्पष्ट लक्ष्य हुन्थ्यो । चरित्र हुन्थ्यो । लोकतान्त्रिक गुण हुन्थ्यो । सुशासन र समृद्धिको उचाइ उचाल्ने अबधारणा हुन्थ्यो । स्थिरता स्थापित गर्ने ल्याकत हुन्थ्यो । अराकता रोक्ने अक्किल हुन्थ्यो । नागरिकले खोजेको र चाहिने विधि थियो, यिनीबाट फैलियो विधिहीनता । हुनुपर्ने सफाइ र निर्माण, भयो फोहर र नैतिक विध्वंश । यतिबेला जता हेरे पनि असन्तुष्टि छ, चिसो बतास, डरलाग्दो अतासमात्र देखिन्छ । उपलब्धि बचाउनुपर्छ भन्नेहरू लोकको रगत-पसिनाको सर्वत पिइरहेछन् ।

आमनेपाली वाल्मीकि खोजिरहेका छन्, रत्नाकरहरू वाल्मीकि बन्न सकेनन् । अग्रगमन, परिवर्तनको पण्डित्याइँ गर्ने महापण्डितहरू दुःख, असन्तुष्टि र पीडा बोकेर बाँच्नेहरूलाई स्वर्गको सुखानुभूतिको चमक देखाएरै, रफु गफ चुटेरै शोषण र भ्रष्टाचारको दहमा पौडी खेलिरहेछन् । न्याय खोजिरहेका नागरिकमाथि नेतातन्त्रे सुकुलगुण्डाको गुण्डागर्दी । संविधानको विशेषता भ्रष्टाचार गर्ने लाइसेन्स बन्यो ।

रत्नाकर ब्राह्मणकुलका दीपक थिए । उनको सङ्गत खराव व्यक्तिहरूसँग भयो । सङ्गत गुनाको फल भनौं, रत्नाकर ज्यानमार्ने, ठग्ने, लुट्ने, कुट्ने, मार्ने, सोझासिधालाई दुःख दिने लतका आदि बन्न पुगे । हिंसा र व्यभिचार नै उसको दिनचर्या बन्नपुग्यो । एक दिन रत्नाकरले दैनिकी स्वभावअनुसार लुट्न खोजेकाहरू सप्त ऋषिहरू परेछन् । शान्त स्वभाव र ज्ञानी ऋषिहरूले रत्नाकरलाई अर्ती दिए- दुष्कर्म पाप हो, दुष्कर्म गर्दा आफैमाथि आइलाग्छ । ऋषिहरूको प्रतापले रत्नाकर बिस्तारै ज्ञानमार्गातिर आकर्षित हुन थाल्यो । ऋषिहरूले दिएको मन्त्रको जप, तप गर्न थाल्यो । रत्नाकर ईश्वरप्रति यसरी लीन हुनपुग्यो कि ऊभित्र ज्ञानमार्ग, मोक्षमार्गको विकास भइसकेछ । त्यसपछि रत्नाकर आदिकवि भएर निस्किए । डाँका रत्नाकर 'बाल्मीकि' अर्थात् धमिराको ढिस्कोबाट आत्मज्ञानी बनेकाले उनको नाम बाल्मीकि भयो । यिनै बाल्मीकिले रामायण लेखे ।

हाम्रो राजनीतिक वर्णपटका राजनीतिक रत्नाकरहरूले जनयुद्ध, जनआन्दोलन गरे, संविधान लेखे, तर रामायणजस्तो पवित्र हुन सकेन । रामायणमा मर्यादा पुरूषोत्तमको गाथा छ, संविधानले पापकर्म बढाउने काम गऱ्यो । रामायण धर्मको उज्यालो अध्याय हो, २०७२ को संविधान लोकमय बन्न नसकेको अपराधको अध्याय भयो । यो अध्यायमा यिनको चरीत्र माकुराको जुनीजस्तो छ । जसले आफ्नै आमाबाबु खाएर सिध्याउँछ । हाम्रो राष्ट्रिय सङ्कट भनेकै बिधिमा चल्न, नचलाउनु हो ।


०४६ साल टर्निङ प्वाइन्ट थियो, कुशासन आयो । ०६३ साल अर्को टर्निङ प्वाइन्ट थियो, अनैतिकताको सुनामी भएर उर्लियो । २०७२ साल नीति, नैतिकता, सिद्धान्त, चरित्र, इमानको इतिश्री हुने टर्निङ प्वाइन्ट बन्नपुग्यो, जुन हामी भोगिरहेका छौं । राजनीतिक रत्नाकरहरू वाल्मीकि बन्नसकेनन् ।

लोकतान्त्रिक गणतन्त्र वाल्मीकि बन्न नसकेका रत्नाकरहरूको कहर बोकिरहेछ, देश पीडामा छटपटाइरहेछ ।

सडकदेखि संसदसम्म, सिंहदरवारदेखि शीतल निवाससम्म रत्नाकरमात्र छन्, त्यसैले त सुखाग्रस्त, बञ्जरभूमिजस्तो भयो राष्ट्रिय जीवन । जता पनि हिंसा र अराजकता । कतै शोषण, कतै रक्तपात । असुरपन भएका रत्नाकरभित्र देव अंश हालिदिने कसले ? अतिरोग, कोरोना सर्छ, देवांश सर्दैन किन ? मान्छे मर्छ, सुकर्म मर्दैन, इतिहास बनाऔं भनेर बुझाइदिने कसले ? अबुझहरू महमा झिंगाझैं सत्तामा, शक्तिमा, सम्पत्तिमा भुनभुनिरहेका छन् । जितेको सत्ताबाट यिनीहरू पारिजातले लेखेझैं 'हारेर फर्कनु मृत्यु' जस्ता भएका छन् । हरूवाहरू, अमानवीय मार्गमा विजयी भयौं भनेर उफ्रिरहेका छन् । यस्तैलाई भनिन्छ, कुवाका जन्मेर कुवामै मर्ने ब्याङ्गहरू । अधर्म धर्म हुनसक्दैन ।

जनयुद्ध र जनआन्दोलनको मोर्चामा जो जो अग्रपङ्क्तिमा थिए, ती आफ्नै कुकर्मका कारण सत्ता राजनीतिमा आफै चिप्लिएर लडिरहेका छन् । जो सर्वहारावाद, समाजवाद र राष्ट्रवाद भन्थे, ती पनि ढलेको रूखझैं भएका छन् । यिनले बाँचेको गणतन्त्र घाटाको राजनीति र नाफाको जीवनमात्र हो । अनीति, अत्याचारको घोट्टा पिएर लठ्ठिएकालाई चेतमा ल्याउन चिच्याएर हुन्न । मलम घसेर पिलो निको हुन्न । चिनैपर्छ, खिल निकाल्नैपर्छ । राजनीतिक डाक्टर लोक हुन् । ओखतीमूलो लोकले गर्नुपर्छ । देश गुरूमापाको इटुम्बहाल बन्न सक्दैन । कुनै पनि रूपको गुरूमापालाई नियन्त्रणको कुनामा थान्को लगाउनैपर्छ । होइन भने राजनीतिक गुरुमापाले बिध्वंश गर्नसक्छ ।

# भुइँका नागरिकलाई कसले हेर्ने ?



सुरेशकुमार पान्डे

देशमा तिनकरोड नागरिकहरू छन् । सरकारको ध्यान मट्ठीभर भीआइपी तर्फ मात्र छ । जसले हात पाखुरा सही सलामत हुँदाहुँदै पनि अरूको परिश्रमिकबाट ऐयासी गरेका छन् । देश २७ खर्ब ऋणमा छ । एकजना नागरिकलाई लगभग ९१ हजार ऋण पुगेको छ । सरकार भिआइपीलाई थप भत्ता र आजिवन आर्थिक सहयोग दिन्छ ।

गरिब परिवार रोगले उपचार नपाएर अकालमै ज्यान गुमाउँछ । त्यसको लागि सरकार जिम्मेवार छैन । जसले आफु सत्तामा मोजमस्ति गरे आआफ्ना आसेपासेलाई पुस्तौँसम्म पुग्ने देशकै ढुकुटीबाट दिए । उनैलाई जनताको कर र रेमिटेन्स बाट धनराशि जुटाइन्छ । साँचै भन्नुपर्दा स्वस्थ व्यक्ती काम नगरी खान्छन्, त्यो शोषण नै हो ।

बृद्धा, बालक र बिकलङ्गाहरू र कुनै खास रोगी बाहेक सबैले आफुले खाने, लगाउने खर्च आफैले परिश्रम गर्नुपर्छ । भिआइपिहरू र उनिहरूको आश्रित समेतलाई देशले पालेको छ । संसदमा एक पटक पुगेपछि त्यो भिआइपी सरह भयो । उनिहरूको खर्च राज्यले व्यहोर्ने हो भने देश नाङ्गेझार हुन्छ ।

एउटा कर्मचारीलाई अवकास प्राप्त गर्न आफ्नु पुरा जीवनको चालिस वर्ष खर्चिनुपर्छ । आफ्नो सारा उर्वर अवस्था खर्चेपछि पनि उनिहरूलाई वृद्धा अवस्थामा पेन्सन् मिल्दैन् वा मिल्छ भनेपनि उनिहरूको तलबको केही प्रतिशत काटेको रकमको व्याजबाट मिल्छ । यद्यपि उनिहरूकै पसिनाबाट यो देशको थोरै भएपनि बिकास भएको हुन्छ । हुन त कर्मचारी पनि अहिले पहिलेका जस्ता इमानदार नैतिकवान देशलाई मायाँ गर्ने र आफ्नो काममा जिम्मेवार बफादार काफी हद्सम्म कम हुँदै आएका छन् । तर पनि भ्रष्टाचारमा उनै कर्मचारी बढी लिप्त हुन्छन् जसलाई शक्तिको साथ सहयोग हुन्छ । अन्य सर्वसाधारण कर्मचारी गल्ती गर्न डराउँछन् । सितिमिती घूस लिने हिम्मत पनि उनिहरूले गर्दैनन् । त्यस्तै कर्मचारीहरूले देशको विकासमा सहयोग पुराएका हुन्छन् । अहिले राजनैतिक पार्टीहरू आफैले पनि पेसेवरको नाममा थुप्रै झोले अल्छि र कामचोरहरूलाई जन्माउने हुर्काउने गर्दैआएका छन् । तिनको खर्च आम सर्वसाधारण नागरिकमा पर्दछ ।

एउटा राजनैतिक पार्टीमा पचास जना होलटाइम्पर हुन्छन् भने देशभित्रका सत्ताईस अट्ठाइस राजनैतिक पार्टीहरूमा थोरै धेरै चौध पन्द्र हजार व्यक्तीलाई र उन्का परिवार समेतको खर्च जनताले नै बहन गर्नुपर्छ । त्यो भार देशका नागरिकहरूलाई नै परेको हुन्छ । एकातिर भिआईपी, पेसेवर, अनि कर्मचारीलाई पाल्ने देशका गरिब जनतानै हुन । किनकी उत्पादन छैन आयश्रोत भनेको कर र रेमिटैन्स नै हो । जो जनताको पसिना हो ।

अहिलेसम्म देशका यी छोटे बडे राजाहरूलाई पाल्दा देशको आयश्रोतले नपुगेपछि बिभिन्न दाताहरूबाट अनुदान लिने अथवा सन्धि श्रम सम्झौता गर्ने त्यसले पनि नपुगेर ऋण लिने व्यवहारले देशमा ऋणको भार ह्वात्त बढ्यो । सङ्घीयता आएपछि एक जना नागरिकको काँधमा लाखको कर्जा पुगेको छ ।

देशका नामि कम्पनिहरू डिफाल्टरको सूचिमा छन् । कसले असुल गर्ने ?।

हामीले भन्छौं देशभित्र फेरी प्रतिगामीले सिर उठायो । कीन उठायो ? यसको असली जिम्मेवार को हो ? के जनतालाई आफ्नै छोरा -छोरी, श्रीमान श्रीमतिको सहादत् बाट आएको गणतन्त्र घाँडो भयो त ? नेतृत्वले आफ्नै मुहार किन हेर्दैनन् ?

कुनै रोग नभैकन शरीर अस्वास्थ हुँदैन, यदि शरीरमा रोग छ भने उपचार मागेकै हुन्छ । हाम्रो देशपनि एकप्रकारको शरीर नै हो । गणतान्त्रिक शक्तिले देशको हित हुने कार्य गर्दथ्यो भने देश बिमार हुने थिएन । अहिले गणतन्त्रलाई जती नोक्सान पुराएका छन् त्यो गणतन्त्रवादीहरूले नै पुराएका छन् । यथार्थ यही हो ।

विदेशी शक्ति वा राजावादीहरूले गणतन्त्रमाथि हमला गरे भनेर भन्नु आफ्नो गलतीलाई लुकाउँने प्रयात्न पनि हो । विदेशीहरूलाई भित्राएको र राजावादीहरूलाई जगाउनेहरू यिनै गणतन्त्रका ठेकेदारहरू नै हुन् । देशको विकासमा सिन्को नभाँच्ने एकले आर्काको सत्ता ढाल्ने दाउमा रहन्छन् । यसरी गणतन्त्रमाथि हमला गर्ने बातावरण बनेको छ । विदेशीहरूलाई भित्राउने कामपनि यिनैको हो । दोष नेतृत्वमै छ ।

यावत कमि कमजोरीका बाबजुद आजको परिवेशमा राजतन्त्र ठिक हो वा थियो भनेर भन्नु पनि ठिक होइन । तन्त्र ठिक वा बेठीक के हो ? यसका लागि सञ्चालकको चरित्र मुख्य हो ।

जसरी आज राजा आऊ देश बचाउका आवाज उठेकाछन् । भोलिका दिनहरूमा साम्राज्यवाद आऊ देश जोगाउको आवाज विदेशीका दलाल एजेन्टहरूले उठाउने छैनन् भन्न गारो छ । सिक्कममा पनि राजतन्त्र हुँदाहुँदै प्रजातन्त्रको नाराभित्र विदेशी षड्यन्त्र घुसेर स्वतन्त्र देश नै सकियो ।

त्यसकारण अहिलेको अबस्थामा जनता र देशले खोजेको तन्त्र, नैतिकतन्त्र, जनमतको कदर गर्ने तन्त्र जरूरी छ ।

राजतन्त्र जिन्दावाद वा मूर्दावाद, गणतन्त्र जिन्दावाद वा मूर्दाबाद भनेर मात्र केही हुनेवाला छैन ।

देशको सङ्घीय साशन व्यवस्था हाम्रो देशको लागि अत्याधिक खर्चिलो व्यवस्था भएकोले सङ्घीयतालाई खारेज गरेर त्यो आर्थिक देशको विकास वा ससाना उद्योग खोल्ने र युवाहरूलाई देशभित्र रोजगारको व्यवस्था गर्न सकिन्छ । सबै देशका जनताहरूले यो सङ्घियता चाहेका पनि छैनन् ।देशका जनताले नचाएको व्यवस्था लाधेर देशलाई कस्को इसारामा टुक्रापार्न खोजिएको छ भन्नेकुरा प्रष्टै छ ।

यस्तो परिस्थितिमा आफुलाई बुद्धिजिवी भन्नेहरू बिभिन्न पार्टीमा लागेर त्यही पार्टीले जे भन्छ त्यही गरेका हुन्छन् । आफ्नो विवेक र स्वाभिमानको हत्या गरेर जस्को सिता खाई उसैका गीत गाई भन्ने उखान अनुसार कार्यरत छन् । त्यस्तै खालका झोलेहरूको व्यवस्थापनका लागि प्रदेशको सरकार खारेज गर्न सकिरहेका छैनन् ।

अहिलेपनि यी ठुला दलहरूले चाहने हो भने देशको काया पलट हुनसक्छ । तर यहाँ त कसरी सरकारमा जाऊँ र आफ्ना आसेपासे र गासेहरूको लागि केही गरौँ । ताकी आगामि चुनावमा आफ्नो सीट सुरक्षित् गर्न सकियोस् भन्नेनै छ । सबैलाई सङ्घीयताले देशलाई नोक्सान भएको छ भन्ने लागिरहेको छ तर उनिहरूले त्यसको बिरोधमा चुँ सम्म गर्न नसक्नुका पछाडि उपरोक्त दाशताले काम गरेको छ । दासता जुनसुकै तन्त्रमा त्याज्य हुन्छ, आलोचित हुन्छ ।

भिआईपी लगायत सबैलाई सत्ता, भत्ता, कमिसन चाहिएको छ तर सर्वसाधारणलाई भने काम गरेर खाने ठाउँ चाहिएको हुन्छ उनिहरूलाई कसले हेर्ने ? देश विदेशमा उनिहरूले काम नपाएर पशुतुल्य जीवन यापन गर्न बाध्य छन् । कयौँले आफ्नो अमूल्य जीवनलाई हत्या गर्न बाध्य भएकाछन् । यो सबै यिनै भिआईपीहरूकै देन हो । तसर्थ सबैले काम गरेर पसिना बगाएर नै आफ्नो र परिवारको भरणपोषण गर्नुपर्छ ।

हामी आफुलाई अब्बल परिबर्तनकारी ठान्नेहरू आफैले शोषणको बिरूद्धमा आवाज उठाउदा उठाउदै कतै हामी आफै शोषक त भएका छैनौं ? आफुले भाषण गरेकोलाई काम सम्झिने भूल नगरौं । हामी सबैको कर्तव्य हुन्छ सकेको परिश्रम गरेर आफुलाई र आफ्नो परिवारको भ्रण पोषण आफैले गर्नुपर्दछ । बाँच्न पाउने हक सुनिश्चित हुनुपर्छ । हामी सबैले आफैलाई खरी घस्नुपर्छ ।

अहिले देशमा गरिबी, वेरोजगारीले गर्दा जनताले निकास खोजिरहेको वेलामा परिवर्तनका आस देखाउने जुनसुकै अवसरबादहरूलाई जनताले सहयोग गर्न सक्छन् । सबैभन्दा अहेम मुद्धा अहिलेको सङ्घीयता हो । जसले गर्दा देश नाङ्गेझार भएको छ । समयमै सङ्घीयता खारेर गरेर आफ्नो देशलाई जोगाउने सबै नागरिकको पहिलो कर्तव्य हो र हुन्छ ।


सरकारले एकपछि एक गलत कृयाकलाप गर्दै आएको छ अहिले फेरी कुलमान घिसिङलाई हटाएर जनतालाई सडकमा आउन बाध्य गराएको छ । यस्ता झिना मसिना गलतिबाट पनि देशलाई आर्थिक नोक्सान् हुनेगर्छ ।

कृपया जनतालाई आन्दोलनमा उक्साएर उनिहरूको हत्या नगरौं । देश बर्वाद नगराऊँ । देशमा सबै जात जाति धर्माबलम्बीह लाई जोगाउन पहल गरौँ । सबैको जिउने नैसङ्गिक अधिकार हो ।

विदेशीको इसारामा आन्दोलित भएर जनताहरूको जिउने अधिकार न खोसौँ । जोसुकै मरेपनि यहि देशका नागरिक मर्नेछन् भन्ने कुरालाई मनन् गरौँ, आत्मसाथ गरेर सबैले आफ्नो देश जोगाउन हातेमालो गरौँ । देश संकटमा छ, यसको अर्थ हामी संकटमा छौं है ।

## अमेरिकाको नीति : विश्वमै हलचल

भेनेजुएलाबाट तेल, ग्यास किने २५ प्रतिशत कर अमेरिकी पछिल्लो निर्णय हो । अमेरिकी अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले दक्षिण अमेरिकी राष्ट्र भेनेजुएलाबाट तेल र ग्यास खरिद गर्ने देशहरूलाई २५ प्रतिशत कर लगाउने घोषणा गरेपछि कम्युनिष्ट व्यक्ति र देशले तीब्र प्रतिकृया दिएका छन् । अमेरिकाले भेनेजुएलाको आन्तरिक मामिलामा हस्तक्षेप गरेको सम्मका आरोप लगाएका छन् । अमेरिकाको आलोचना गर्नेमा चीन अग्रपंक्तिमा देखिएको छ ।





राष्ट्रपति ट्रम्पले अप्रिल २ देखि भेनेजुएलाको तेल, ग्यास किन्ने मुलुकहरू माथि अमेरिकामा प्रवेश गर्ने तिनका सबै वस्तुहरूमाथि अतिरिक्त २५ प्रतिशत कर लगाउने घोषणा भइसकेको छ । स्मरणीय छ, चीन भेनेजुएलाको तेलको सबैभन्दा ठूलो ग्राहक हो । भारत, स्पेन र संयुक्त राज्य अमेरिका स्वयं पनि भेनेज्वेलाको तेल आयातक हो । चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता प्रवक्ता गुओ जियाकुनले भनेका छन्- भेनेजुएलाको आन्तरिक मामिलामा हस्तक्षेप नगर्न र भेनेजुएलामाथि लगाइएको एकपक्षीय प्रतिबन्धहरू समाप्त गर्न आह्वान गर्दछौँ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भेनेज्वेलामाथि आतंककारीहरू अमेरिका पठाएको आरोप लगाएको छ । थुप्रै भेनेज्वेलाका इलिगल नागरिकलाई अमेरिकाले निस्कासित गरिसकेको छ । लाखौं इलिगलहरूलाई निस्कासित गर्ने क्रम चलाइरहेका छन् । प्रश्न अमेरिकाले अमानवीय स्वभाव देखाएर निस्काशन गरेको सवाल उठाइने गरेको छ भने ट्रम्पले मेक अमेरिका ग्रेट अगेन भन्ने आफ्नो चुनावी प्रतिवद्धतालाई पूरा गर्न कसैको आक्षेपको पनि वास्ता गरेको देखिदैन । अमेरिकी आक्रामक राजनीतिक र कूटनीतिक स्वभावबाट विश्वभरिनै तरङ्ग फैलिएको छ ।




# अराजकतामा छिमेकको चासो



बैकुण्ठ भण्डारी
bhandaribai@gmail.com

अनर्थ भयो । लोकतन्त्रले अनर्थ ल्यायो । 'गाउँ-गाउँमा सिंहदरबार' भन्दाभन्दै गाउँ गाउँमा भ्रष्टाचार पुग्यो । कत्ति राम्रो राष्ट्रिय नारा थियो । टोलटोलमा नवराजाहरू । केही वर्षदेखि धेरै राजाहरू सक्रिय छन् । त्यही भएर पनि होला दुई दशकपछि पुराना राजा पनि हात हल्लाउँदै हिँड्न थालिसकेका छन् । मुलुक जोगाउने भन्दै पुराना राजाले हात हल्लाएसँगै सिंहदरबारमा बस्ने साइँदुवाहरूको मुटु हल्लाइरहेको छ । यसकारण त जे जसरी पनि पुराना राजालाई तासको पत्तामा सिमित गर्न खोजेका छन् । आफ्ना जे जति गल्ती कमजोरी छन्, सबै पहिलेका राजाको टाउकोमा खन्याउने प्रयत्न भइरहेछ ।

सेताम्मै फुलेका गिलास काका भन्थे- यी सब सेता हात्तीहरू हुन् । मुलुकले सेता हात्ती पाल्न सक्दैन । त्यसकारण पनि यो 'संघी यता न उता' हो । ल्याउन नै हुन्न ।गिलास काकाका कुरा अहिले पो ठ्याक्कै पूरा भाको छ । गाउँ-गाउँका सिंहदरबारदेखि सहरको सिंहदरबारका साइँदुवाहरूलाई पाल्नलाई नै ढुकुटी रित्तिसक्यो । अझै कुन्नि के-के थप्ने पो भन्दै छन् । त्यही भएर साइँदुवाहरू आफ्नै कारण गन्हाउन थालेका छन् । कहिले बालुवाटार, खुमलटार कहिले बूढानीलकण्ठहुँदै बालकोटसम्म पनि स्याल हुइँयाहरू हुने गरेको छ ।

स्याल हुइया, देशको रोग नै हो ।

पछि जन्मेका राजाहरूले पुराना राजालाई थर्काइरहेका छन् । तर हात हल्लाउँदै मुस्कुराउँदै पुराना राजा गाउँ-गाउँ पस्न थालेका छन् । मठाधीशले राजा ल्याउँदै भन्नेहरूलाई पहिले उही दिल्ली दरबारले नै ल्याइदिएको बिर्से कि क्या हो भन्दै छन्, नवराज बाजे । श्री स्वास्थानी कथामा लावण्य देशमा राजा नभएकै कारण हात्तीले राजा खोज्दै जाँदा नवराजलाई राजा बनाइदिएका थिए । अहिले संघी यता न उताका सेता हात्तीका कारण नवराज राजा ल्याउन खोज्दै छन् । सतासीका नवराज भन्छन्, 'म राजा ल्याउने कमाण्डर हो, म पटक-पटक सत्ता र शक्तिमा पुगे पनि देशलाई धोका दिएको थिइनँ । अहिले गनऽतन्त्रकाले देश र जनता दुवैलाई धोका थिए ।' म अगाडि बढें ।

राजनीतिमा दक्षिणको आशीर्वादबिना नेपालको राजनीतिको पात पनि हल्लिदैन । दक्षिणबाट आशीर्वाद नपाउँदा सिंहासन छाड्नुपरेका राजालाई पुनर्स्थापित गर्ने हल्लाखल्ला चलिरहेको छ । सिंहदरबार पसेर बसेकाहरू, नवराजा बन्दै ढुकुटी दोहन गर्नाले अहिले ढुकुटी रित्तो छ । देशको ढुकुटीमात्र रित्तो छैन, देशका गाउँ पाखामा बस्ने जनहरू पनि रित्तिसकेका छन् । गाउँ त उही काइँला बा, ठाइँला बा राइला बाहरूले नै कुरिदिएका छन् । त्यो पनि कालको पर्खाइमा । 'बाह्र छोरा तेह्र नाती बूढा धोक्रो काँधै माथि' भनेजस्तो ।सिंहदरबार पस्नेमात्र नागरिक बन्न थाले । गाउँको होस् कि सहरको सिंहदरबारसँग नजोडिएका 'अ'नागरिक बने । ढुकुटी रित्तो बनाएर सिंहदरबार छिरेका भ्रष्टहरू अरबपति भए । अनि राइला बाहरूको रोइलो किन नहोस् ।

गणतन्त्र ठूला पार्टीवालालाई सधैं दशैं, लोकलाई पुर्पुरोमा हात भएको छ ।


गिलास काका अहिले पनि भन्दैछन्, 'मैले उसबेला नै भनेको यो संघी यता न उताको काम छैन, देशको ढुकुटी रित्तोमात्र बनाउँछ अहिले रित्ता नै बनिसकेको छ ।' उत्तरदेखि दक्षिणसम्म छिमेकी चासो दिन थालेका छन् । पालैपालो कसैले चण्डलाई कसैले खड्गलाई कसैले टेरेलाई आफ्नो पैतालामा राखिरहेका छन् । उत्तरदेखि दक्षिण हुँदै समुद्रपारिसम्मका भगवान्को प्रसाद लिएकाहरू अहिले नून खाको कुखुराजस्तै बनेका छन् । 'खाउँ भने दिनभरको सिकार, नखाउँ भने कान्छा बाउको अनुहार' भनेजस्तै भएको छ ।

साइँदुवाहरू, 'म के थिएँ, अहिले के छु र भोलि के हुन सक्छु भन्ने सोच्न नै भुलिसके ।' त्यसैले हात हल्लाउँदै गरेका नवराजले ल्याउन खोजेका ती राजालाई जेल नै हाल्ने पो कथा बुन्दै छन् । सिंहदरबारभित्र नै अर्काको आशीर्वाद पाएर छिरेका साइँदुवाहरूले के-के पो गर्ने हुन् ।

काका भन्छन्, 'मुखले भनेजस्तो कहाँ सजिलो छ र ?' प्रतिगामी अरूलाई भन्दाभन्दै आफैं प्रतिगामी पो बनियो कि भन्ने कुरा सोचे हन्थ्यो !'कसले सोच्ने हो र ? त्यो प्रतिगामी शक्तिलाई आफैं प्रतिगामी बनेर घचेट्ने पो हो कि ? नवराजहरूले आफैंलाई त धान्न सक्दैनन् । अरूलाई के सुरक्षित गर्ला ? गिलासकाका दु:ख पनि कति-कति ? कहिलेसम्म हो समुद्रपारिका देवताहरूलाई गाली गर्नुपर्ने ? बितेका ३० वर्षे पञ्चहरूको शासन र ३५ वर्ष प्रजातन्त्र हुँदै गणतन्त्रको शासनमा जनताले परिवर्तनको महसुस गरे कि गरेनन् ? जनताको आँखामा आँसु छ कि हाँसो कसले हेरिदिने ? ओठमा निचोर्दा दूध आउने खालका युवा पुस्तालाई खाडीमा कसले पुऱ्यायो ? विदेशीलाई स्वदेशी बनाएर कसले उडायो ?

सायद गिलासकाकाले सिंहदरबारदेखि बागदरबार, लालदरबारसम्मको यात्रा त्यसै तय कहाँ गरेका हुन् र ? सिंहदरबारभित्र बसेर रस तान्ने रस आउन छाडेपछि थुकिदिने परम्परालाई पो अंगालेजस्तो देखियो । नवराजा बादशाहको पुनरागमन हुन्छ भन्ने कि भनेर त्राहीत्राही भएका छन् । चोरको खुट्टा काट भन्दा चोरले खुट्टा उचालेजस्तो कहाँ हुन्छ ? एउटा नागरिक पोखराबाट काठमाडौं आउँदा वा काठमाडौंबाट नुवाकोट वा गोरखनाथको दर्शन गर्न चाहँदा मौन बस्नु पनि अर्थ छ भनेजस्तै हजारौं जनहरू सडकमा आएर के भो त ? राजा आउ देश बचाउ नतुहियोस् ?

वनको बाघले खाओस् नखाओस्, चिन्ता सर्वत्र छ । व्यवस्था फेरेर अवस्था फेरिँदैन । व्यवस्थासँग सँगै अवस्था पनि फेर्नसक्नु पर्छ साइँदुवाहरू । व्यवस्था फेरिँदा हरेक नागरिकको अवस्था फेरिएन भने फेरि फेरि बिद्रोह हुनसक्छ ।



# National Community for Festive Time Reform in Nepal – Major and Minor Observation

**Professor Dr. Uttam K. Karmacharya.**
**Central Advisor : National Community for Festive Time Reform in Nepal**

*In the context of promoting Academic Orientation program on newer visions of Curriculum Development and Paradigm Shift in teaching learning situations amid teachers of Rhombus secondary school*
*My Long left impression and Wonderfull Memories*
*- by Uttam Karmacharya*

It was very good to meet Dr. Rajendra Koju face to face for the first time during the grand opening ceremony of International Human Rights Bhaktapur central committee in his capacity of general secretary of the Human Rights Committee when I was attending as a advisor of the committee amid Chief District Officer and Inspector General of Police of Bhaktapur District chaired by former Military General Mr. Bharat Bdr. Khadaka. Dr. Koju was kind enough to introduce me so sweetly and academically
It was so memorable and impressively. I appreciated him very much.
Second time I got chance to meet him at his own school called Rhombus Secondary School Bhaktapur when I was invited as a chief guest to commemorate International Social Service day organized by Bhaktapur Social Service group chaired by Ms. Jwotsana Prajapati and team members. We got introduced each other. I am very proud and grateful to the team of Jwotsana. During our session Dr. Koju was sitting in the back bench of the audience very seriously looking me during my keynote speech and writing short poem with reference to my white hairon my head inside my cap :

महाशय !
तपाईंको फुलेको सेतो केसलाई
म कुन विशेषण दिउँ ?
हिउँको थुप्रो वा सगरमाथा ?
श्री पेच वा सेतो कपास ?
भन्नुहोस् म कुन विशेष दिउँ
कालखण्डको धरोहर वा समयको घण्टाघर !
कुन विशेषण दिउँ
तपाईंको फुलेका सेत्ताम्य केसलाई !
म देख्दैछु
तपाईंको सेतो केसमा अनुभवहरू फुट्टफुट्ट
उभिरहेका छन् ।
ज्ञानका बालाहरू लहलह झुल्किरहेका छन् ।
महाशय भन्नुहोस् म कुन विशेषण दिउँ ??

When I was speaking Dr. Koju wrote a poem and recited in the closing remarks during World Social Service Day
We highly appreciate his poetry and poetic expertise .

For the third time I was so fortunate to welcome to my Iwamura Hospital and College Director room with Madam Chair of the Rhombus Secondary School Bhaktapur. We got to share some of our documents. It is to be noted that documents are very important and powerful. During our short coffee meeting we decided to organize one Academic Orientation Program in their school with their smart teacher and staff. This article is the short out put of the program. I am very thankful to the chairperson and the School Principal and Vice Principal Mr. Unique Koju for their honor and elderly support and respect.

1. Paradigm shift in teaching because of the development of technology.

1. A shift from whole-class to small-group instruction.
2. A shift from lecture and recitation to coaching.
3. A shift from working with better students to working with weaker students.
4. A shift form passive classroom to more engaged students.
5. A shift from assessment based on test performance to assessment based on products, progress, and effort.
6. A shift from all students learning the same things to different students learning different things.
7. A shift from the primacy of verbal thinking to the integration of visual and verbal thinking.


2. When do we fail to become Effective Educators/ Teachers æ

If we do not take a leadership role in the classroom.
If we do not move outside the text-book.
If we use humiliation as a management/ discipline tool.
If we try to pigeon holing students.
If we do not support students that are having difficulty.
If we are not available when needed.
If we are not willing to negotiate.
If we couldn't communicate ideas.
If we don't encourage individual thinking.
If we become pompous/arrogant.
If we remain out of touch with students.

3. Who is an efficient Teacher/ Educator in the 21st centuryæ



1. Attempts regular use of e-mail, the web, a word processor, databases for information access and presentation software to support their instructional program.


Academic Orientation Program
On
Curriculum
&
Paradigm Shift in Teaching Learning Situation
Presently at Rhombus Secondary School Chokha Kamalbinayak and
Rhombus National School Tathali Bhaktapur
( BS 2081 Chaitra 13 Wednesday / 2025 March 26)
Facilitators:
Dr. Rajendra Koju Ms. Sarita Koju
Professor Dr. Uttam Karmacharya (Ph.D)
Teachers Education Consultant, ADB NCED Kathmandu Valley Nepal
ORGANIZED BY
World Education Concern and Action Nepal

2. Tries regular use of technological tools to access recent information, benchmarks, research, assessments, lessons and units for the efficient management of the learning environment.
3. Frequently designs effective learning experience that allow student to be active learners, cooperative learners, and to solve problems at high levels of thinking.
4. Understands when to use appreciate teaching strategies (direct instruction, drill and practice, project based, individual assignments, cooperative working groups) to insure the desired learning outcome.
5. Relates lessons and units to real-world context.
6. Understands and implements a classroom management system appropriate to the teaching and learning strategies being used.
7. Understands content/ subject area well enough to be able to link it to the essential learning.
8. Has a strong understanding of style/ types of learning and an ability to modify instruction appropriately.

4. What kind of Teachers Educators do the principals wantæ

Q: What are you looking for when you interview a candidate for a teaching positionæ What is the one essential characteristic you desire mostæ

A1: I look for an individual with a passion to receive and impart knowledge, someone who can relay the information they receive to students with diverse abilities; Passion for knowledge, Passion for teaching, Passion for students.
A2: I look for one whose heart is open and receptive to teaching children – a person who knows beyond the shadow of a doubt that teaching is the greatest of all professions.
A3: I would employ teachers who are keen to change their students' lives through education.
A4: I want staff that do not avoid change but see it as a challenge. I want staffs that see technology as a tool that needs to be mastered.
A5: If a teacher has no understanding of another's feelings, the teacher will most likely be ineffective.
A6: Any job is twenty percent knowledge and eighty percent interpersonal skills. I am interested in discerning what interpersonal skills a candidate possesses that will 'connect' with the student. This connection -this caring attitude-motivates learners to learn.
A7: I am interested in a teaching candidate that addresses the whole child. If the candidate answers the question with a strictly curricular answer, I disqualify him/her.

5. Teacher Educators as a core of instructional process.
· Research has confirmed that teachers make a big difference-good teaching can be linked conclusively with gains in student achievement. Research also shows that the traditional input variables such as years of teaching experience and college credit hours aren't what matters.
· Set high standards for the results to be achieved, identify clear indicators to measure progress, and be flexible and pluralistic about the means for reaching those results.
· Creativity can be viewed from three aspects: as a feature of personality (individuality), as a process and as a product. As a feature of personality it represents originality, innovation, anti – conformism, courage, etc. As a process it represents creative intuition, rich fantasy, divergent thinking and inspiration, activities of sub-consciousness and superego. A creative product is characterized by novelty and public significance.
· Passion, Enthusiasm, Sensitivity, Heart, and Humor are some of the qualities that principals say they're looking for when interviewing candidates for open teaching positions.

---

Curriculum Orientation

There is an urgent need of organizing curriculum orientation and short term subject wise training especially on Teaching English, Nepali, Math, and Science, Social studies plus other Subject. The training should concentrate on following professional exercises.
· Subject and level wise curriculum.
· National and grade wise objectives.
· Selection of curricular contents.
· Selection of classroom activities.
· Pedagogical and andragogical method of teaching ( Pedagogy and andragogy).
· Preparation , selection and use of instructional materials.
· Preparation of lesson plan.
· Evaluation of classroom teaching.
· Formative evaluation and self evaluation.
· Peer observation and feed-back sharing.
· Construction of evaluation tools.
· Continuous assessment system ( CAS).
· Development of College level-question bank.

---

*( Professor Dr. Uttam K. Karmacharya presently working as a*
*Board of Director, Dr. Iwamura Hospital Memorial Hospital and Iwamura College of Health Science. Prof. Karmacharya of Tribhuvan University was a former Resource Person for China ( Unesco Nanjing), Denmark, World Education , Banepa Municipality and LRCs of Indonesia, Iran, Myanmar, the Philippines, Sri Lanka, Thailand , Unesco Bangkok). Former Secretary General , National Resources Center for NFE (NRC-NFE) Patan and Director, Center for Education for All (CEFA) Banepa Nepal. )*

# Smash And Grab

*By Sunanda Datta Ray*

CHAPTER 17 **Thumb Impression**

I think you know that there was no referendum in Sikkim either to decide its international status or for any other purpose. Bishweswar Prasad Koirala, former Prime Minister of Nepal, The Weekly Mirror, Kathmandu, 20 July 1979.
We have always said and still say that the manner of Sikkim's merger with India was not legal and constitutional. Lal Bahadur Basnet, The Times of India, 15 October 1979.

It was tea time in the English village of Tanyard, near Frittenden. John Eric Clarke, an elderly solicitor and county coroner for Kent, with a lifelong interest in the mysteries of wireless communication, was initiating the young son of a law partner in his own passion. They had just made contact with an Australian when another party came up on frequency to say that someone higher up the 20-metre band was "going on about something". Clarke, G8KA and FC6FPH to other radio buffs, moved up, logged the station, and says "I heard a high-pitched voice speaking very good English at a very high speed from which I gathered he was being invaded".
The signal was weak but quite intelligible, and he identified the speaker as AC3PT, the code name for P.T. Namgyal who had been listed since 1951 in the Radio Amateur Call Book, address: The Palace, Gangtok, Sikkim. But the solicitor did not realize he was the Chogyal, of whom he had only dimly heard. "It did not fully dawn on us what was happening. I knew more about plants sent back from Sikkim by some of the great plant collectors than I did about its ruler." Clarke heard AC3PT, with whom he had never worked be fore, say something about a military attack, and ask his contact to report the aggression to the International League for Human Rights. The signal suddenly ceased and though he called AC3PT several times, there was no response. "I sat back in amazement and wondered what it was all about!"
The Chogyal's SOS was also picked up by several stations in Sweden and in Japan by Naoki Akiyama who later complained to Radio Communication, the ham's journal, that AC3PT had broken off abruptly and not responded to the postcard that was customarily mailed after making contact with a new party. Akiyama sounded quite annoyed, in fact, with this most discourteous amateur in Gangtok. Another Japanese contact, Nobuyasu Itoh, heard and taped the full message, sending copies to Tokyo and Yokohama newspapers and to the League in New York. Clarke says he did not at first know what to do as he had missed the first part of AC3PT's broadcast. Later, he telephoned a neighbour in Kent, Major-General Sir Alee Bishop, who had been British deputy high commissioner in Calcutta in the early sixties; Bishop suggested the infallible remedy of his class-a letter to the Times.
This was on 9 April. It was late evening in Gangtok, the Chogyal and Tenzing discussing the day's shattering events. The telephones were dead, the gates under heavy guard, the palace cut off from the world. The bloody corpse in the sentry box had completely unnerved the Chogyal. He did not know what the next offensive would be and wondered if they were all to be killed. The Indian army's incomprehensible betrayal, as he saw it, persuaded him to expect the worst. Tenzing then remembered that in the spare room downstairs, long ago used by Sir Tashi as his studio,, they had an easy means of communication: father and son sat down at. their transmitter, put on their earphones and tried to notify the world of their plight. It was probably against club rules to use a ham facility for serious purposes, though Clarke doubts this. In any case, men who knew they had lost their country, who had been attacked in force and strength, and feared for their lives, could not afford to be fastidious. The breach of regulations was washed out in young 3asant Kumar Chettri's blood. "If my country was being invaded, I would not hesitate to go on the air," says the Kent coroner.
The Chogyal was an experienced amateur broadcaster. His trans-continental conversations were regularly recorded in radio buffs journals in many countries; he had talked to kindred spirits in places as far apart as Iran and Argentina; and the International Amateur Radio Union's coveted Worked All Continents certificate, awarded in 1970, was prominently framed in his study. The Collins S/Line De Luxe model he used-receiver, transmitter, linear amplifier, and other ancillary equipment, four pieces in all-may not have been the best; but it had been imported in 1964 through India, with New Delhi's knowledge and permission. In fact, K.B. Nair of the external affairs ministry had sanctioned the purchase. The crown prince had inherited some of his father's interest in things mechanical, and was almost as enthusiastic about amateur broadcasting. Neither made any secret of the hobby.
But communication was not good that night. The invasion noticed by Clarke was from Khorana's wireless station: the police had picked up the frequency and was doing its best to jam the palace. It was not, therefore, surprising that Gurdip Singh Bedi should bluster into the palace next morning, with ten policemen in tow, to accuse the Chogyal of operating a clandestine radio and to
seize every single piece of equipment. The records and log-books were also taken away.
His isolation was now complete. The palace was under heavy guard; visitors were turned away with the stock excuse that the Chogyal was too ill to receive anyone, and that Jigdal Densapa would get in touch with callers. The Ridge crawled with soldiers. Indian troops occupied the Guards lines below. The CRP also stood sentry outside Thakse palace and Rhenock house, above the bazaar, where Lhanzin-la lived. Both buildings had been searched from top to bottom, and the Gyalum, then 73 years old, roughly pushed out of the way as soldiers strode into her bedchamber. All their telephones had been disconnected at the junction box; people who asked the operator for the palace, Thakse, or Rhenock house were told the numbers were unobtainable because of a cable fault. The Densapa bungalow was similarly cut off. But the connections were briefly restored from time to time to enable the PO to call the palace, and then cite his own privileged conversation to scoff at the idea of any restriction on the Chogyal's freedom. contd....

# विदेशी चलखेल नै राष्ट्रको मूल समस्या




जल र जलउर्जाको व्यवस्थापनको सही व्यवसथापन भएको छैन । यसको राम्रो व्यवस्थापन गरेको खण्डमा प्रति युनिट मोल १ सेन्टमा वितरण गर्न सकिन्छ । त्यसबाट नेपालमा हुने उत्पादन अरू देशकोभन्दा सस्तो बनाएर विश्वबजार ओगट्न सकिन्छ । सम्बत २०४० को दशकमा विद्युत उत्पादन गर्ने, विद्युत उर्जालाइ सबै भन्दा सस्तो उर्जा बनाउने, नेपालको यातायत र ढुवानी विद्युतबाट गर्ने, तत्कालै चक्रपथ, धरान-जोगबनी, बुटवल-बेलैया, कोहलपु-रूपैडिहा, अत्तरिया-धनगढी जस्ता क्षत्रमा ट्रली बस चलाइ हाल्ने र बिस्तारै ट्रली, ट्राम, रोपवै, ट्रेन, केवाल कार बाट यातायत बढाउने, गोबरग्यास तथा सौर्य शक्तिबाट उर्जा आपूर्ति गर्ने योजना भएको थियो, जुन आज पनि त्यत्तिकै महत्वको छ । त्यसको लगत्तै नेपाली दललाई हातमा लिएर सबै योजना लथालिङ्ग पारिए । भारतले यस्तो नियत छाडेर दुबै देशको हीतहुनेगरी जलको न्यायोचित उपभोग गर्नँ पर्दछ ।

राष्ट्रिय अडान प्रतिको विस्वासलाई कमजोर पार्ने, विदेशी मार्फत राष्ट्रियहीतमा क्षती पुऱ्याएर कमाउनेतिर लागेकाहरूको किटान गर्ने र त्यस्तालाई निरूत्साही पार्नु पर्ने आज पनि त्यत्तिकै खाँचो छ । नेपालले अन्तर्राष्ट्रिय समुहमा आफ्नो स्वतन्त्र अस्तित्व र व्यक्तित्वको गौरवमय परिचयलाई अझै निकै अगाडी वढाउनु पर्ने देखिन्छ । उनीहरूले अझ धेरै यथार्थ वुझ्न वाँकी छ ।

जलस्रोतको उपयोग इण्डियाले भूपविष्ठित मुलुकको पारवहन सरह अन्य देशमा बेच्ने बाटो दिनु पर्दछ ।

इण्डियाले सीमानामा आफूखसी एकतर्फी निर्माण गर्ने रोक्नु पर्दछ । एकतर्फी बाँधबानेर तराईका भू-भाग जलमग्न हुँदै आएका छन, त्यो रोक्नु पर्दछ । नेपाल इण्डिया सीमा, जलसम्बन्ध अन्तर्राष्ट्रिय कानून र जलनीति समेतलाई व्यवस्थित गरी यस्ता समस्या पुनरावृत्ति हुन नदिन सदाको लागि रोक्नुपर्दछ ।

नेपाल, चीन र बंगलादेश, म्यानमार समेतको सहभागी र समहितकोलागि कार्यक्रम हुनुपर्दछ । भारतलाई सिचाइ, खानेपानी तथा जल-उर्जा तीनै थोकको खाँचो छ । भारतले समुचित रोयल्टी तिरी तथा मूल नियन्त्रण स्वीच नेपालमा रहने गरी भारत जल सदुपयोग गर्न तैयार हुनुपर्दछ । नेपालको बहुपक्षीय हीत हुने र नेपाली रोजगारले प्राथमिकता पाउने गरी योजना निर्माण हुनुपर्दछ ।

११६ देशले मान्यता दिएको नेपालको शान्तिक्षेत्र प्रस्तावलाई भारतले मान्यता दिएर त्यस अनुसार आचरण गरेका खण्डमा त्यो शान्तिले दक्षिण एसियामै शान्ति छाउन सघाउ पुग्नेछ ।

भारतले नेपाली जनको मन जित्नुपर्दछ; दललाई हत्याएर हैन । बलले दबाएर जित्ने प्रवृत्ति क्षणिक हुन्छ । मन जित्न सकेमात्र दीगो हुन्छ । इण्डिया अब मन जित्नतिर लाग्नुपर्दछ । त्यही नभएको कारण नै २०४६-२०७९ बीचका सरकारहरूका पालामा भारत विरोधी भावना धेरै मात्रामा बढेको थियो ।

राष्ट्रिय मूल नीतिको निर्माण

नेपालले अवलम्बन गर्नुपर्ने बुँदाहरूमा सर्वप्रथम राष्ट्रिय मूल नीतिमा एकता हुनैपर्छ । नेपालमा राष्ट्रियता वस्तुगत अन्तर्क्रियाभन्दा आन्तरिक दलीय समीकरणको क्रिया प्रतिक्रियामा केन्द्रित हुने गरेको पाइनछ । दलहरूले आ-आफ्नो स्वार्थ अनुकूल पर्यायवाची गराउने गरेको पाइन्छ । एउटै घटना वा समस्यालाई थरिथरि बहस गरेको पाइन्छ । राष्ट्रियता र राष्ट्रको मूलनीति शास्वत सत्य हुने भएबाट यो सँधैं एक समान गतिमा चल्ने हुनुपर्छ । राष्ट्रको भू-भाग, राष्ट्रियता, प्राकृतिक सम्पदा, राष्ट्रिय सुरक्षा जस्ता संवेदनशील विषय हुन् । दलहरूको निहित स्वार्थ, नीतिगत अल्पज्ञान सहितको पूर्वाग्रह, दृढता र प्रतिवद्धताको कमी तथा त्यस्ता समूह विशेषको निम्न कोटीको मानसिकताले समेत नेपाल हेपिन र मिचिन बल पुऱ्याएको छ । भारतीय भू-भागमा शरण लिएर नेपालको राजनीति गर्ने र आफूलाई भारतीय मूलको विषेशण जोडेर साम्प्रदायिक राजनीति गर्नेहरूमा पनि यस्तो बिचलनमा रहेको पाइन्छ । यस्ता कुरामा भारतलाई गाली गर्नुभन्दा नेपालमा फोस्रो राजनीति गर्नेहरूमै राष्ट्रिय मूलनीतिमा समेटेर नेपाली मनस्थितिमा परिवर्तनको खाँचो छ । भारतलाई खुसि नपारेसम्म चुनाव जित्न र शक्तिकेन्द्रमा बस्न सम्भव छैन भन्ने दलहरूको मानसिकता नबदलेसम्म राष्ट्र र राष्ट्रियताका लागि एउटै बोली हुन सक्दैन । यसमा नेपाली दल विश्वमै अपवादका रूपमा छन् ।

राष्ट्रियता र राष्ट्रले अङ्गिकार गरेका मूल नीतिमा सबै नेपालीको एकस्वर हुनै पर्दछ । त्यसको विपरीत हिंड्नेलाई राष्ट्रघाती मान्नुपर्दछ ।

ओहोदासीन नेपाली राष्ट्रियताको कुरामा संवेदनशील छैनन् भन्ने कुरा रक्षा, सीमा समस्या लगायत विभिन्न खाले कुराले स्वतः प्रष्टिन्छ । यदि संवेदनशील भएको भए, मुर्चुल गायव गर्दा, दशगजामा गएर बस्दा पनि कानमा तेल हालेर बस्न सक्ने थिएनन् । यसो गर्ने अधिकारी राष्ट्रहित विरोधी व्यक्ति हुन् । भू-भाग रहेमात्र संविधान रहन्छ, राजनैतिक व्यवस्था रहन्छ । यसरी सीमाक्षेत्र गुमाइनु भनेको राज्य शासन व्यवस्था मुर्दा हुनु हो । देशको माटो गुम्यो भने राष्ट्रिय स्वाभिमान गुम्दछ । यो दोष बस्ने र मिच्नेका मात्र होइन, त्यसो गर्न दिनेको हो, नेपाली दलमात्र को हो ।

नेपालका वरिष्ठ ओहोदासीन र जिम्मेवार व्यक्तिहरू राष्ट्रको भू-क्षेत्र सम्बन्धमा संवेदनशील छैनन्, ज्ञान-सीप तथा क्षमता राख्दैनन् भन्ने प्रमाणित छन् । सम्बत् २०१९ सालको संविधानको धारा ३(२) र नेपाल अधिराज्यको संविधानको धारा ४(२) तथा धारा १२६ (२) लाई समेत जोडेर विश्लेषण गर्नुपर्ने हुन्छ । नेपालको संविधान २०१९ को धारा ३(२) र २०४७ को धारा ४(२) मा एउटै कुरा छ । त्यस अनुसार नेपालको क्षेत्र (क) यो संविधान प्रारम्भ हुँदाको बखतको क्षेत्र र (ख) यो संविधान प्रारम्भ भएपछि प्राप्त हुने क्षेत्र भनिएको छ । त्यसैगरी वर्तमान संविधानले धारा १२६(२) अनुसार शान्ति र मैत्री, सुरक्षा एवं सामरिक सम्बन्ध, नेपाल अधिराज्यको सीमा र प्राकृतिक स्रोत तथा त्यसको उपयोगको बाँडफाँडसम्बन्धी सन्धि वा सम्झौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन गर्नुपर्दा संसदको दुवै सदनको संयुक्त बहुमतले गर्नुपर्ने शर्त राखेको छ । तर यस कुराको ख्याल वास्तै गरिएको छैन । तसर्थ माथि उल्लेखित आजसम्म मेची सीमा लगायतका सीमासम्बन्धी निर्णयहरू संसदको संयुक्त सदनबाट अनुमोदन गराउनुपर्ने थियो, सो भएको छैन ।

प्रजातन्त्रात्मक तथा सार्वभौसत्ता सम्पन्न जनता भनिएको संविधानले जनतालाई सुसूचित हुने अधिकारबाट वञ्चित गरेको कुराले पनि जटिलता थपिदिएको छ । उदाहरणार्थ सन् १९८८ मा के सम्झौता भएको थियो, विभिन्न समयमा सन्धि, सम्झौता वा नक्साहरूको के हैसियत थियो, सन् १९७४ को मेची नदीको धारलाई नै १९८८ मा मान्यता दिएर २०५२ मा समिति गठन भएर कार्यान्वयन गर्दा किन २०४७ सालको संविधानको धारा १२६(२) को पनि सरासर बर्खिलाप गरियो आदि इत्यादि कुराले गर्दा नेपालको सीमा विवाद बढाउन, सीमा विवाद चर्काउन नेपालका ओहोदासीनको पनि कम हात छैन भन्ने देखिन्छ भने आफू कमजोर भएको कारणले बोल्न नसकेको कारण नै झन्झन् दवाउने प्रक्रियागत धारणाले मित्रहरूलाई खुशी पार्न सकिंदैन भन्ने कुरा पनि बुझ्नुपर्ने हो ।

विदेशी चलखेल नै आजको नेपालको प्रमुख समस्या हो । कोठाभित्र वेश्या रहेसम्म ग्राहक आउन निषेध हुन्न । विदेशी चलखेलले देशको राष्ट्रिय सुरक्षा गम्भीर खतरामा परेको कुरा महसुस छ । खतरा तीव्ररूपमा बढ्दै गएको कुरा दलका नेताहरूले खुलस्त पारेकाछन् । राष्ट्रिय सुरक्षा विदेशीको हातमा जान लागेको, अमेरिकी सैनिकको विशेष टोलीको भ्रमणलाई 'शंकास्पद' पनि भनिएको थियो, छ । अन्तर्राष्ट्रिय फौजको आवश्यकता महसुस गरियो भने त्यो दुर्भाग्य हुनेछ । विदेशी सेना भित्र्याउनु देशको स्वतन्त्रता, सार्वभौमिकता सुम्पनु हो । त्यस्तो चलखेल रोक्न एकताको खाँचो महसुस गरेपनि त्यो भएको छैन । राजा बहेक अरूमा यो क्षमता छैन, हुँदैन भन्नेहरूको जमात बढ्दो छ ।

# घाम, छाला र सनस्क्रिन

**-सह प्रा.डा. मधु ज्ञवाली**




सूर्यबाट निस्किने हानिकारक किरणहरूको कारणले हुने क्षतिबाट छालालाई जोगाउन प्रयोग गरिने साधन नै सनस्क्रिन, सन ब्लक वा सनक्रिम हो । सूर्यबाट निस्किने ताप र प्रकाश हाम्रो लागि उपयोगी भए पनि पराबैजनी किरणहरू (Ultraviolet rays) छालाको लागि हानिकारक हुन्छन् । विभिन्न अध्ययनहरूका अनुसार जन-मानसमा घामको नराम्रो असर र यसबाट जोगिने उपायहरूबारे पर्याप्त ज्ञान नभएको देखिएको छ ।

**घामले छालामा पर्ने असरहरू:**







- छाला रातो हुनु, पोल्नु, डढ्नु,
- घमौरा आउनु, छालामा डाबर आउनु, चिलाउनु,
- घामको एलर्जी हुनु : काला दाग-धब्बा एवं चाया-पोतो आउनु,
- उमेर नपुग्दै छाला चाउरी पर्नु : छालाको क्यान्सर हुनु,

**घामबाट जोगिनैपर्ने व्यक्तिहरू**

- घामको किरणले एलर्जी हुने व्यक्ति (जसको छालामा घाम पर्ने बित्तिकै चिलाउन थाल्छ ।
- घामले असर गर्ने छाला ( लुपस जस्तै अन्य छालाको बाथ भएका व्यक्तिहरू)
- छालामा कालो दाग-धब्बा, चाया-पोतो आदि समस्या भएका व्यक्तिहरू
- सेतो दुवी (पाण्डु रोग / Vitiligo) भएका व्यक्तिहरू
- घाममा बसेर काम गर्ने व्यक्तिहरू
- उचित तरिकाले नियमित रूपमा सनस्क्रिनको प्रयोग गर्नाले उमेर नपुग्दै देखिने बुढ्यौलीका चिन्हहरूलाई चाँहि केहि हदसम्म रोक्न र फर्काउन पनि सकिन्छ).

**घामको असरबाट जोगिने उपायहरू :**

मध्यदिनको घाममा सकभर बाहिर ननिस्कनुहोस् ।
- घाममा निस्किनै परे पुरा छाला ढाक्ने गरि बाहुला भएको लुगा लगाउनुहोस् ।
- सन ग्लासको प्रयोग गर्नुहोस् ।
- घाममा जाँदा छाता ओढ्नुहोस् ।
- फराकिलो घेरा भएको टोपी, छतरी वा ह्याट लगाउनुहोस् ।
- सनस्क्रिनको प्रयोग गर्नुहोस् ।

**सनस्क्रिन प्रयोग कसरी गर्नुपर्छ ?**

घामबाट जोगिनुको अलावा हरेक दिन उचित तरिकाले सनस्क्रिनको प्रयोग गरेमा सूर्यका किरणहरूले छालामा गर्ने असरलाई रोक्न सकिन्छ । हामी धेरैले जानेर वा लहैलहैमा सनस्क्रिन लगाईरहेका छौं । तर उचित र प्रभावकारी तरिकाले यसको प्रयोग नहुँदा यसबाट जति फाईदा हुनुपर्ने हो, त्यति फाइदा पाउन सकेका छैनौं । बिशेषगरि युवती र महिला माझ यो लोकप्रिय देखिए पनि वालक, महिला र पुरूष सबैले यसको प्रयोग गरेर फाइदा लिन सकिन्छ ।

- कम्तिमा पनि SP-३० को (ध्वतभच चभकष्कतबलत) पानी प्रतिरोधक सनस्क्रिन प्रयोग गर्नुपर्छ ।
- पराबैजनी किरण ए (गख ब) र पराबैजनी किरण बी (गख द्य) दुवैबाट बचाउने Braod Spectrum सनस्क्रिन प्रयोग गर्नुपर्छ ।
- चिल्लो छाला भएको व्यक्तिले ध्वतभच दबकभम र सुख्खा छाला भएको व्यक्तिले Cream based सनस्क्रिन लगाउनु पर्छ ।
- सूर्यको किरण छालामा पर्नु भन्दा १५-२० मिनेट अघि नै सनस्क्रिन लगाईसक्नुपर्छ . यो लगाउँदा नमाडीकन 'दुधको तर' जस्तै पत्र हुने गरि लगाउनुपर्छ .
- अनुहार र घाँटीको छालामा लगाउनको लागि करिब आधा चिया चम्चा सनस्क्रिन पर्याप्त हुन्छ ।
- अनुहारबाहेक लुगाले नछोपेको सबै भाग जस्तै: ओठ, कान, घाँटी, गर्दन, पाखुरा, आदिमा पनि सनस्क्रिन लगाउनुपर्छ ।
- घाम नलागेको दिन (जस्तै: बादल लागेको, पानी परेको दिन) मा पनि पराबैजनी किरण बादललाई पार गरेर पृथ्वीमा आउने भएकोले यस्तो बेलामा पनि सनस्क्रिन लगाउनुपर्छ ।
- घाममा बसेर गर्नुपर्ने काम जस्तै: खेति-किसानी, पौडी खेल्नु, हाइकिंग/ट्रेकिंग गर्दै हुनुहुन्छ भने हरेक २-२ घन्टा फरकमा सनस्क्रिन लगाउनुपर्छ ।

सुर्यको प्राकृतिक प्रकाश बाहेक कृत्रिम प्रकाश जस्तै : एल ई डी, मोबाइल, कम्प्युटर आदिबाट निस्किने प्रकाशले पनि हाम्रो छालालाई असर पुर्याउने हुनाले यी साधनहरू प्रयोग गर्दा पनि आफ्नो छालालाई जोगाउनु पर्छ .

जहिले पनि यो कुरा याद गर्नुहोस्- कुनै पनि सनस्क्रिन हाम्रो छालालाई जोगाउन

# महिला जागरणको परिचालन र आन्दोलन

**– लीला दाहाल**



महिला विकास, उन्नति र लैङ्गिक समानता माथिको वैचारिक एकरूपता र जागरणको परिचालन वास्तवमा महिला आन्दोलन हो । यो एउटा वैचारिक दर्शनमा आधारित व्यवस्थित कार्ययोजना, दबाब तथा कार्यक्रम सबै हो । जुन महिलावादमा आधारित छ । महिला माथि हुने असमानता, विभेद, दमन आदि सबैको निर्मुलीकरणका लागि महिलावाद केन्द्रित हुन्छ । यस सम्बन्धमा समाजशास्त्रको कोलिन्स शब्दकोषमा भनिएको छ ।

अर्थात् यो महिलावाद पुरूषबाट विश्वव्यापी रूपमा महिलाको दमन र विभेदका सन्दर्भमा स्वतन्त्रता स्थापित गर्ने पवित्र सिद्धान्त हो । यो एउटा समाजशास्त्रीय सिद्धान्त र व्यवहार हो जसको उद्देश्य पुरूषबाट भएको शोषण र प्रभुत्वबाट भएको शोषण र प्रभुत्वबाट महिलाहरूलाई स्वतन्त्र पार्नु । यसै गरी फ्रैङ्क ऐन मागिलद्वारा सम्पादित समाजशास्त्रको अन्तर्राष्ट्रिय शब्दकोषमा भनिएको छ । महिला र पुरूषबीच सामाजिक, आर्थिक र राजनैतिक समानता प्रतिस्थापन गर्न प्रयत्नशील त्यस्तो आन्दोलन नै महिलावाद हो । यसबाट हामी के बुझ्न सक्छौं भने महिला विभेदका विरूद्ध संगठित आन्दोलनलाई महिलावाद भनिन्छ । महिलावादी दृष्टिकोण र व्याख्याले निम्न पाच आधार भूत सैद्धान्तिक मान्यतामा विश्वास राख्दछ :

१) समाजमा रहेको सबै तहको लैङ्गिक स्तरीकरणलाई हटाउने ।

२) सामाजिक दृष्टिकोणमा परिवर्तनप्रतिको मान्यताको विकास ।

३) मानव छनोटमा वृद्धि ।

४) यौनजन्य हिंसाको अन्त्य ।

५) यौनजन्य स्वतन्त्रताको अभिवृद्धि ।

आन्दोलनका विभिन्न दबाबहरू कै कारण सर्वप्रथम न्युजिल्याण्डले सन् १८९३ मा महिलाहरूलाई मताधिकार थियो । यसपछि सन् १९५० सम्म युरोपियन, अमेरिकन तथा अन्य राष्ट्रमा महिलाई मताधिकार दिइयो । महिला आन्दोलन नै शक्तिको स्रोत बन्न पुग्यो ।

सन् १९५० को दशकमा महिला आन्दोलन बढी संगठित र लक्ष्य निर्धारणका साथ बढेको पाइन्छ । विश्वका अधिकांश राष्ट्रहरू दोस्रो विश्वयुद्धपछि स्वतन्त्र हुने लहर बढिरहेको सन्दर्भमा आन्तरिक रूपमा पनि महिला आवाजहरू संगठित हुने अवस्थाको सिर्जना भए पनि तिनको प्रभाव विशेष गरी ७० को दशकदेखिमात्र देखिन थाल्यो । सन् १९५० को महिला आन्दोलनको प्रवृत्ति र स्वरूप हेर्दा उत्तर (गरिब देश) का महिलाहरू युद्धबाट आफ्नो घर समुदायतर्फ फर्कने र परम्परागत सन्तानोत्पादन गर्ने कार्यमा संलग्न भए पनि दक्षिण -धनी देश) युरोप अमेरिकाका महिलाहरू भने उत्पादन प्रणालीका साथै महिला स्वतन्त्रताका लागि क्रियाशील बने ।

सन् १९६० को दशकमा महिला आन्दोलन बढी संगठित भएको पाइन्छ । यस समयमा उत्तरका महिलाहरू -विशेष गरी एशिया र अफ्रिका) शैक्षिक विभेद तथा काममा विभेदका विरूद्ध कानुनी अधिकारका लागि संघर्ष सुरू गरे । अर्कातिर महिला बढाइयो । यस्तो स्वायत्तता पुरूषहरूबाट तथा पितृप्रधान समाजबाट भएको नियन्त्रणबाट छुटकारा पाउनु पर्नेमा केन्द्रित थियो । दक्षिणका महिलाहरू विकासका अवसरको खोजीका लागि बढी प्रयत्नशील भए । महिला केन्द्रित संगठनलाई जोड दिइयो । सन् १९७५ लाई संयुक्त राष्ट्र संघले महिला वर्षका रूपमा मनाइसकेपछि विश्वव्यापी रूपमा महिलासँग सम्बन्धित विभिन्न मुद्दाहरू उठाइए । सन् १९७५ मा मेक्सिको शहरमा पहिलो अन्तर्राष्ट्रिय महिला सम्मेलन भयो । सन् १९७५-८५ सम्मको समयलाई महिला दशक मनाउने निर्णय भएपछि संस्थागत रूपमा निर्दिष्ट उद्देश्यका साथ महिलासँग सम्बन्धित कार्यक्रमहरू तर्जुमा गरियो । सन् १९७९ मा महिला विरूद्धका सबै किसिमका भेदभाव हटाउने महासन्धी घोषणा गरियो । सम्पूर्ण सरकारी तथा गैरसरकारी क्षेत्रबाट एकीकृत कार्यक्रमहरू सञ्चालन गरियो । महिला विकासका लागि र त्यसका प्रतिफलका लागि पनि अभिन्न अङ्ग भएकोले उनीहरूलाई विकासमा एकीकृत गर्नुपर्ने सोच तथा कार्यक्रमको विकास गरियो । विकासको मुल प्रवाहमा महिलालाई समेट्नुपर्ने मान्यताको नारीवादी आन्दोलन सन् १९८० को दशकमा बढी संगठित बन्यो भने त्यसपछिको आन्दोलनहरू भूमिकाको खोजीमा केन्द्रित छन् । महिला र पुरूष दुवैको अवस्थाको पहिचान र को दशकमा विकास भएको विश्वव्यापीकरण प्रभावबाट विश्लेषण गरियो भने अर्कातिर विकासका प्रत्येक सवालमा लैङ्गिक विकासको अवधारणालाई व्यवहारिक रूप दिन थालियो । सन् १९९५ को सेप्टेम्बरमा चीनको राजधानी बेइजिङमा चौथो अन्तर्राष्ट्रिय महिला सम्मेलन सम्पन्न भयो । यस सम्मेलनले महिलासँग नाजुक क्षेत्र पहिचान गर्दै प्रत्येक तहका महिला विरूद्धको भेद्भावको समीक्षा गरी कार्ययोजना तयार पारेको छ । विश्वमा बढीरहेको गरिबीबाट समाजलाई मुक्त गर्ने सवालमा महिलासाग सम्बन्धित विषयलाई जोडेर हेर्नुपर्ने निष्कर्ष निकालिएको छ ।

आज प्रत्येक देशका महिलाहरू बढी सचेत र संगठित बनेका छन् । आफ्नो देशका सरकार तथा विकास निकायमा उच्च तहमा महिला समस्यालाई पुऱ्याइएका छन् । महिला विकासलाई पुरूषहरूबाट अलग्याइनु नुहुने र समन्वयित गरेर लैजानुपर्ने धारणाको विकास भएको छ । यसैले महिला आन्दोलनलाई सामाजिक विकास र परिवर्तनको आन्दोलनका रूपमा विकास गर्न खोजिएको छ । विशेषत नेपालको परिवेशमा एमाओवादी जनयुद्ध, जनआन्दोलनहरू र विभिन्न खाले जनवर्गीय आन्दोलनहरूले महिलावादको फड्को मार्न निकै टेवा पुऱ्यायो । यद्यपि यसलाई उचाईमा चुल्याउन पूर्णता दिन बाँकी नै छ ।



राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक
(साविक म.क्षे.हु.नि.) गो.हु.द.नं. ५/०६७-६८ हाल ५/०८१-८२
का.जि.का.द.नं. २५-०३९/४० भ्याट नम्बर- ३ ० ४ ५ ६ २ ४ ४ ४
मंगलबार Tuesday
२०८१ चैत १९, Apr. 1, 2025





अन्तिम पातो – शाश्वत शर्मा

## राजाले मात्र किन टाउको दुखाउने

चैत १५ गतेदेखि राष्ट्रवादी आन्दोलनको सुरूआत भएको छ । सरकारी षडयन्त्रका बाबदुत उल्लेखनीय र प्रभावकारी सहभागिता देखियो । आन्दोलनकारीको कार्यक्रम स्थलमै टियरग्यास हानेर राज्यले उद्वेलित पार्दा दुई जना होनहार युवाले सहादत प्राप्त गरे । यी दुई युवाप्रति हार्दिक श्रद्धाञ्जली । देश लुट्न पल्केकाहरूको राज्य आतंकप्रति खेद छ । यो आन्दोलनमा राजाको लोकप्रियताको मानमर्दन गर्न राज्यले राजाले नै आन्दोलनलाई हिंसात्मक बनाएको रूपमा अभिव्यक्ति दिइरहेका छन् । जो आन्दोलनमा होमिएका थिए, तिनलाई मण्डले भनेर गालीगलौज गरिरहेका छन् । आगामी दिनमा यस्तो हिंसात्मक आन्दोलन नहोस् भनेर सहमति र सहकार्य गर्ने बुद्धि परिवर्तनका नाममा देशलाई लुटतन्त्रको अखडा बनाएकाहरूमा अझै आएको छैन । सत्ताधारी र प्रतिपक्षी राजामाथि धावा बोलिरहेका छन् । आन्दोलन उग्र हुँदै जाने जोखिम बढेको छ ।

लोकतन्त्रलाई लुटतन्त्र बनाउनेहरू आन्दोलनलाई शिथिल बनाउने प्रयत्न गरिरहेका छन् । नजरबन्द, निगरानी, धरपकड, मुद्दामामिला, यातना, अनेक हथकण्डा अपनाएको अवस्था छ । राजतन्त्रवादीको आन्दोलन तुहियो भनेर गिल्ला गर्नेहरू आफूलाई लोकतन्त्रको मसिहाका रूपमा प्रस्तुत गर्दैछन् । यिनले भुलेका छन्, जनताको आस्था र विश्वासमा यिनको अलिकति पनि भरभरोसा छैन । जनताले राजतन्त्र चाहियो, अभिभावक चाहियो भनेर गरेको आन्दोलनमा राजाको के दोष ? दोष त यिनै लुटाहाहरूको हो, जसले लोकतन्त्रको मर्यादाको चीर हरण गरिदिए । देश बचाउनु सबैको कर्तव्य हो । यो कर्तव्य सम्झेर आन्दोलनले अझ उग्र रूप लियो भने यसको जिम्मेवार यिनै लोकतन्त्रवादी हुनेछन्, जसले लोकतन्त्रको गरिमा र महिमाको इज्जत धुलिसात बनाइदिए । लोकतन्त्र नीति, नैतिकता र लोकलज्जाले चल्ने पद्धति हो । नेपालमा अपराधिकरण गरेर लोकतन्त्र चलाइएको छ । जुन सरासर गलत छ । देशमा न्याय र विधि भन्ने कुरा देखावटीमा सिमित हुनपुग्यो ।

सबेलाई थाहा छ, परिवर्तनका नाममा यी लोकतन्त्र, संघीयतावादीहरूले जनता र देशको हड्डीभित्रको मासीसमेत झिकेर खाइसके । यो आन्दोलनपछि आमनागरिकले सोच्नैपर्छ, मासुभातमा बिकेर यिनैलाई मतदान किन गर्ने ? सधैं यिनकै चुनावी जित किन हुन्छ ? होनहार युवा किन राजनीतिप्रति उत्साहित हुँदैनन् ? मिलेर देश बचाऔं भन्दा आज राजाको बदनाम गरिएको छ । आन्दोलनमा घूसपैठ गरेर राजालाई जिम्मेवार भनेर आरोपित गरिएको छ । जनताको पीडामा पीडावोध गर्नु, देशको संकट मोचनका लागि सहमति गरौं भन्दा बदनाम नेता र पार्टीहरू आफूलार्य पानीमाथिको ओभानो देखाउन अनेक प्रपञ्च गरिरहेका छन् । राजाको फागुन ७ को सन्देशलाई यी गणतन्त्रवादीले नकारात्मक रूपमा लिएपछि फागुन २५ गते जनताले राजतन्त्रको पक्षमा सडकमा उभिन आएका थिए । अब झन ठूलो प्रदर्शन होला भनेर चैत १५ गते एकातिर समाजवादी मोर्चाको प्रतिकार सभा, अर्कोतिर राजतन्त्रवादीको आन्दोलनको सुरूआत भएको थियो । त्यो आन्दोलनलाई आगजनीमा कसले कसरी परिवर्तन गरिदियो भन्ने कुरा समाजिक सञ्जालभरि छरपस्ट छ । राज्यको गोली लागेर युवा मारिए, अर्का पत्रकार आगजनीमा परे, बचाउन राज्यलाई गुहार्दा राज्यले कुनै वास्ता गरेन । राज्य राजालाई बदनाम गराउन साजिसमा लाग्दा स्थिति अनियन्त्रित भयो, ठूलो धनजनको क्षति हुनपुग्यो । आइन्दा यस्ता घटना नहोस् भनेर अझै बुद्धिबंगारो पलाएको छैन । छलफल चलेको छैन । खाली राजाप्रतिको लोकप्रियता खुइल्याउन राज्य र बामशक्ति लागेको देखिन्छ । स्थिरता, शान्तिका लागि थिङ्क टेङ्क, राजनीतिक व्यक्ति र शक्तिहरू किन बोल्दैनन् ?

देश संकटमा छ । पद्धतिप्रति जनविश्वास छैन । नेताहरूप्रति जनताको भरोसा समाप्त भइसक्यो । लोकतन्त्रको अनुहार साह्रै कुरूप भएको छ । एउटा दुर्गा प्रसाई अथवा अन्य राजतन्त्र अथवा हिन्दुवादीको प्रश्नभन्दा माथि देशको प्रश्न जटिल र महत्वपूर्ण हुनपुगेको छ । राप्रपाले नैतिक जिम्मेवारी लिएर आन्दोलन हिंसात्मक हुनुमा दु:ख व्यक्त गरेको छ । अन्य पार्टीहरूले पनि हिंसा भड्काउने तत्वविरूद्ध स्वतन्त्र छानबिनको पहल गरेर आगामी दिनमा यस्ता हिंसात्मक गतिविधि रोक्न देशमा राजनीतिक शक्तिहरूले सहमति र सहकार्यको थालनी गर्नुपर्छ । स्पष्ट भइसक्यो, यी नेताहरूबाट देश अग्रगमनमा जानैसक्दैन । युवा अगाडि आउनैपर्छ, युवाले देश हाँक्नैपर्छ । अशक्तहरू थान्को लागून्, सशक्तहरू अगाडि आउन् ।


## क्षयरोगबाट बचौं र बचाऔं

- लगातार खोकी लाग्ने,
- खोकीमा रगत देखापर्ने,
- तौल घट्ने,
- फोक्सो दुख्ने वा असजिलो महसुस हुने जस्ता लक्षण क्षयरोगका लक्षण हुनु सक्छन् ।

क्षयरोगबाट बच्न :

- धुम्रपान तथा मद्यपान नगरौं,
- धुवाँ, धुलोमा नबसौं,
- खोक्दा, हाच्छिउँ गर्दा रूमालले नाकमुख छोपौं,
- बालबालिकालाई निश्चित समयमा बीसीजी खोप लगाऔं,
- क्षयरोग लागेका व्यक्तिभन्दा टाढै बसौं र रोगीको जुठो नखाऔं,
- क्षयरोगको शंका लागेमा चिकित्सकको सल्लाह लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# बर्तमान व्यवस्थाको असफलता र चाल्नुपर्ने कदमहरू



डा. केशव देवकोटा

***जसरी ०६३ बैशाख ११ गते राजा र दलहरूकाबीचमा सहमति भएर अन्तरिम सरकार हुँदै देशको राजनीति अगाडि बढेको थियो । त्यसैगरी फेरी अन्तरिम ब्यवस्था गरेर अगाडि बढ्नुको अर्को बिकल्प छैन । नेपालको हालको अवस्थामा सहमति बिना राजावादी, बर्तमान बुर्जुवा गणतन्त्रवादी वा जन गणतन्त्रवादी कोही कसैको पनि जित हुँदैन । विचार गरौं ।***

०६३ को राजनीतिक परिवर्तनलगत्तै कतिपयले बिजय उत्सव मनाइरहेका थिएभने कतिपयले परिवर्तनको जग कमजोर भएकाले यो धेरैदिन नटिक्ने बताएका थिए । त्यसमध्ये राजनीतिज्ञ राजेश्वर देवकोटाले बिभिन्न कार्यक्रमहरूमा धेरैपटक ०६३ पछि नेपालमा लागू गराइएको राजनीतिक ब्यवस्था 'काँचो पल्टिने' बताउनु भएको सुनिएको थियो । नभन्दै यो ब्यवस्था काँचो पल्टिदै गएको देखिएको छ । कतिपयले राजावादी र कतिपयले गणतन्त्रवादी भएर आआफ्नो पक्षका कतिपय तर्कहरू होलान । तर स्वतन्त्ररूपमा सोच्दा ०७२ को संविधान र बिद्यमान राजनीतिक ब्यवस्था असफल भैसकेका छन् । यो कुरा देशको शासन सत्तामा रहेका कतिपयलाई महशुस पनि भएको हुनसक्छ । तर उनीहरू त्यसलाई सहजै ब्यक्तगर्न सकिरहेका छैनन् । कतिपयले बिद्यमान असफल संविधान र असफल राजनीतिक ब्यवस्थालाई अझ केही समय टिकाएर देशलाई नै असफल बनाउने प्रयास गरिरहेको हुनसक्ने आंकलनहरू पनि भैरहेका छन् । यो ब्यवस्था असफल हुनुका केही आधारभूत कारणहरू रहेका छन् । ठण्डा दिमागले सोच्ने होभने राजनीतिप्रति सामान्य चासो राख्नेलाई पनि उपरोक्त कुराको महशुस भएको हुनसक्छ । पहिलो कुरा यो ब्यवस्था कुनै आन्दोलन वा जनसंघर्षबाट जितेर स्थापना गराइएको ब्यवस्था होइन । ०५२ बाट शुरूभएको जनयुद्धलाई भारतको राजधानी नयाँ दिल्लीमा लगेर बिसर्जन गर्नेहरूले १९ दिने जनआन्दोलनको रचना गरेर ०६३ बैशाख ११ गते राजासँग पाँच बुँदे सहमति गरेर यो ब्यवस्थाको जग हाल्ने काम भएको हो । उक्त पाँचबुँदे सहमतिको नयाँ कुरा भनेको निर्धारित म्यादसमेत सकिएको प्रतिनिधिसभालाई राजामार्फत ब्युताएर अगाडि बढ्ने थियो । अरू ०४७ सालको संविधानकै कुराहरू रहेका थिए । जसमा संवैधानिक राजतन्त्र र बहुदलीय संसदीय ब्यवस्थालाई स्वीकार गरिएको थियो । तत्कालीन अवस्थामा राजा र दलहरूकाबीचमा पाँच बुँदे सहमति गरिँदा छिमेकी भारतका प्रतिनिधि करण सिंहलाई साक्षी राखिएको थियो । पहिलो कुरा निर्धारित म्यादसमेत सकिएको संसद ब्युँताउनु गल्ती भएको थियोभने दोश्रो कुरा भारतीय प्रतिनिधिलाई साक्षी राखिनु गलत भएको थियो । दलहरूले त्यतिबेला राजालाई संसद ब्युँताउने अधिकार दिएर त्यसलाई स्वीकारसमेत गरेका कारण संवैधानिक नभएर अधिकार सम्पन्न राजतन्त्र स्वीकार गरेको देखिएको थियो । त्यसैले ०६३ को परिवर्तनबाट संसद र सरकारमा आएकाहरूले पाँच बुँदे सहमति अक्षरस पालना गरेको हुनुपर्थ्यो । बीचमा दलहरूले धोखाघडी गर्दै सहमति बिपरित अगाडि बढेका कारण हाल राजा र राजावादी तथा साक्षी बसेको भारतीय पक्षले पाँचबुँदे सहमतिको कुरा उठाउनुलाई अन्यथा भन्न सकिने अवस्था छैन । त्यतिबेला संसद पुनर्स्थापना नगराई द्विपक्षीय सहमतिका आधारमा अन्तरिम संविधान, अन्तरिम संसद र अन्तरिम सरकार गठन गरेर अगाडि बढेको भए हाल जेजस्ता कुराहरू उठाइएका छन्, ति उठ्न पाउने थिएनन् । राजाबाट ब्युँताएको संसदबाट रूपान्तरित भएको अन्तरिम संसदले बनाएको संविधानसभाले एकातिर राजतन्त्रलाई हटाएर गणतन्त्रको घोषणा गर्‍योभने अर्कातिर त्यो संविधानसभा गणतान्त्रिक संविधान बनाउन नसकेर आफै बिघटन भयो । त्यसरी राजतन्त्रलाई हटाएर गणतन्त्रको घोषणागर्दा पनि संविधानसभाले जनमत संग्रह लगायतका बिधि र पद्धतिको प्रयोग गरेको थिएन । त्यसैले पहिलो संविधानसभाले गरेका निर्णयहरूमा प्रश्न उठ्दै आएका छन् । दोश्रो संविधानसभा आफैमा पूर्ण थिएन । किनकी सो संविधानसभामा जनयुद्धकालीन माओवादीको मुख्य घटक मोहन बैद्य नेतृत्वको समूहले त्यसमा भागनै लिएको थिएन । त्यसैगरी सो संविधानसभालाई पनि बिधि र पद्धतिको प्रयोग गरेर स्वतन्त्र र निष्पक्षरूपमा निर्णयगर्न दिइएन ।

त्यतिबेला दोश्रो संविधानसभालाई केही पूर्ब शर्तहरूको भारी बोकाइएको थियो । ति पूर्ब शर्तहरू कहाँबाट कस्ले सिर्जना गरेको भन्ने त्यतिबेला नखुलेपनि हाल आएर क्रमश: खुल्दै जानथालेका छन् । संघीयता, जातीय समाबेशी, समानुपातिकसहितको मिश्रित निर्वाचन पद्धति र धर्मनिरपेक्षता अमेरिकालगायतका पश्चिमा राष्ट्रका एजेण्डाभन्ने खुलेको छ । संघीयतामा त अमेरिकी लगानी रहेकोसमेत खुलेको अवस्था छ । उपरोक्त सबै बुँदाहरूको मूलकारण नेपाल र नेपालीलाई आर्थिक, सामाजिक र राजनीतिकरूपमा अलग थलग बनाउँदै अन्तमा देशलाई हल न चलको अवस्थामा पुर्‍याएर बिघटन गराउनु थियो भन्ने पछिल्ला घटनाक्रमहरूले स्पष्ट पनि गरिसकेका छन् । नभन्दै नेपाल आर्थिक रूपले टाट पल्टिएको छ । झण्डै २७ खर्ब ऋण हुनु उपरोक्त कुराको उदाहारण हो । प्रदेशहरूको ब्यवस्थापनमा मात्र प्रति महिना एक अर्ब रूपैया थप खर्च भैरहेको सरकारी तथ्यांक छ । देशमा संघीय शासन लागू गराएर कुनै विकास पनि भएनभने देशमा शान्ति, सुब्यवस्था र अमनचैन पनि कायम भएन । दलहरूले देशमा संघीय लोकतान्त्रिक गणतन्त्र लागूगराए पनि उनीहरू आफैले त्यस अनुरूपको आचरण गरेनन् । जुन कुरा प्रदेशहरूबाट पनि उठेको छभने पछिल्ला राजनीतिक गतिबिधिले पनि स्पष्ट गरेका छन् । झण्डै साँढे आठबर्षको समयावधी र ३० अर्बभन्दा बढी रकम खर्च गरेर अर्ध संविधानसभाले ०७२ को संविधान बनाएपनि त्योसमेत प्रभावकारी देखिएन । ०७२ असोज तीनगते संविधान घोषणा भएको भोलीपल्टै सो संविधान बनाउने प्रमुख जिम्मेवारी पाउनु भएका डा. बाबुराम भट्टराई आफैले सार्बजनिकरूपमा संविधान त्रुटीपूर्ण रहेको बताउनु भएको थियो । नभन्दै सो संविधान बनेको हाल करिव साँढे नौबर्षको अवधीमा पनि त्यसको पूर्णत कार्यान्वयन हुन सकिरहेको छैन । गत असारमै संविधानमा तेश्रो संशोधनगर्ने नारा दिएर सरकारमा आएको बर्तमान सरकारले संविधान संशोधनका लागि सामान्य पाइलासमेत चाल्न सकिरहेको छैन । ०७२ को संविधानमा संशोधन गर्नुभनेकै संघीयता, जातीय समाबेशी र समानुपातिक सहितको मिश्रित निर्वाचन पद्धति लगायतको अन्त्यगर्नु हो ।

तर जनताले समस्या ठानिरहेका उपरोक्त प्रावधानहरूलाई हाल प्रमुख प्रतिपक्षमा रहेको माओवादी केन्द्रले आफ्ना उपलब्धी भनिरहेको छ । उसले अझै अमेरिकाको जस्तो कार्यकारी राष्ट्रपति र पूर्ण समानुपातिक निर्वाचन पद्धति हुनुपर्ने माग गरिरहेको छ । त्यो भनेको नेपालको सत्ता राजनीतिलाई साँघुरो घेराबाट चलाउनेभन्ने कुरा हो । अझ एमालेका कतिपय नेताले त द्विदलीय ब्यवस्था हुनुपर्ने कुरा उठाएका कारण नेपालबाट बहुदलीय संसदीय राजनीतिनै समाप्त हुने अवस्था सिर्जना हुनलागेको देखिएको छ । हालैमात्र भारतको संसदमै नेपाल असफल राष्ट्र बन्ने बाटोमा अगाडि बढेकोभन्ने कुरा उठेको समाचार बाहिर आएको थियो । कुनैपनि राष्ट्र असफल भयोभने त्यहाँ कि त सेनाले शासन सत्ता हातमा लिन्छ, किभने छिमेकीहरूले लिन्छन् । त्यसैले पूर्ब राजाबाट राष्ट्र संकटमा परेकाले सबैजना मिलेर जाउँभन्ने कुरा उठेको हुनसक्छ । हुन त बिद्यमान राजनीतिक गतिबिधिप्रति दुईजना पूर्ब राष्ट्रपतिहरूमात्र नभएर बर्तमान राष्ट्रपति रामचन्द्र पौडेलसमेत सन्तुष्ठ देखिनु भएको छैन । गत एकबर्ष यता उहाँहरूबाट सार्बजनिकरूपमा ब्यक्त भएका बिचारहरू उपरोक्त कुराका ताजा उदाहारण रहेका छन् । बर्तमान राष्ट्रपति पौडेलले हालैका कतिपय कार्यक्रमहरूमा समेत दलहरू मिलेर सहमतीय वातावरणका साथ अगाडि बढ्नुपर्ने र उपलब्धीपूर्ण कामहरू गर्नुपर्ने बताउनु भएको थियो । पछिल्लो समयमा एकातिर राजावादीहरूको आन्दोलननै शुरू भैसकेको छभने अर्कातिर क्रान्तिकारी कम्युनिष्ट पार्टीले बर्तमान राज्य सत्ता असफल भएकाले जन संविधान र जन गणतन्त्र घोषणा हुनुपर्ने भनेको छ । राजावादीहरूले सहमतिका आधारमा अगाडि बढ्ने प्रस्ताव अगाडि सारेका छन् ।

तर जन गणतन्त्रवादीहरूले बर्तमान राज्य सत्तामा आमूल परिवर्तनको कुरा उठाएका छन् । जसले गर्दा बर्तमान सरकारको कुरै होइन बिद्यमान राजनीतिक ब्यवस्थानै असफल भएको भन्ने कुरालाई सबैले स्वीकार गरेको देखिएको छ । छन् । दलहरूले तत्कालै संसदमा रहेका र नरहेका त्रियाशील राजनीतिक पार्टी र शक्तिहरूको सर्बदलीय/सर्बपक्षीय भेलाको आयोजना गरेर देशको खास बस्तु स्थितिअनुसारको संविधान र राजनीतिक ब्यवस्था स्थापना गरेर अगाडि बढेनन्भने यो वा त्यो आदोलन वा हस्तक्षेपबाट यो राजनीतिक ब्यवस्था समाप्त हुन्छ । त्यसैले जसरी ०६३ बैशाख ११ गते राजा र दलहरूकाबीचमा सहमति भएर अन्तरिम संसद, अन्तरिम संविधान र अन्तरिम सरकार हुँदै देशको राजनीति अगाडि बढेको थियो । त्यसैगरी फेरी अन्तरिम ब्यवस्था गरेर अगाडि बढ्नुको अर्को बिकल्प छैन । नेपालको हालको अवस्थामा सहमति बिना राजावादी, बर्तमान बुर्जुवा गणतन्त्रवादी वा जन गणतन्त्रवादी कोही कसैको पनि जित हुँदैन । हामी सबैले समयमा नै बिचार गरौं ।